सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ पुस २०८०, शनिबार (6 Jan 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २५७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झ्याल नयाँ

मदनकृष्ण श्रेष्ठलाई छोरा यमनको प्रश्न

असल बुबा बन्न गाह्रो कि असल छोरा ?

असल बुबाभन्दा असल छोरा बन्न गाह्रो छ। असल बुबाले अर्ती मात्रै दिने हो। यद्यपि, असल बुबा बन्न पनि धेरै वर्ष लागेको हुन्छ। धेरै अनुभव लिएर बुबा बनिसकेको हुन्छ। असल छोराले धेरै काम गर्न बाँकी हुन्छ। दुःख झेल्न बाँकी हुन्छ।

फिटनेसमा सचेत नेता





शीर्ष नेताको फिटनेस

प्रचण्ड-ओली समानता : टेबल टेनिस खेल्छन्, मर्निङ वाक गर्छन्



त्यो क्षण ● प्रकाश ज्वाला, भौतिक पूर्वाधार तथा यातायातमन्त्री

हामीले प्रतिगमनविरुद्ध व्यवस्था र संविधानको रक्षाका लागि विद्रोह गरेका थियौं

नेपालमा यसरी भित्रियो युनिलिभर



● रविभक्त श्रेष्ठ

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

२०२४ मा थपिँदै दर्जन पाँचतारे होटेल

- करिब ३५ अर्ब लगानीका होटेलमा १५ सयभन्दा बढी कोठा तयार हुँदै
- ख्यातिप्राप्त अन्तर्राष्ट्रिय चेन होटेलको नेपाल आकर्षण, व्यवसायीहरूबीच पनि ब्रान्ड भित्र्याउन प्रतिस्पर्धा
- सन् २०२३ मा विदेशी पर्यटक आगमन १० लाख नाघेको छ, आगामी वर्ष दोब्बर पुऱ्याउने प्रधानमन्त्री प्रचण्डको उद्घोष



नवीन अर्याल/नयाँ पत्रिका

सन् २०२४ 'आतिथ्य सत्कार' उद्योगका लागि उत्साहप्रद हुने देखिएको छ। निर्माणको अन्तिम चरणमा रहेका एक दर्जन पाँचतारे होटेल यस वर्ष सञ्चालनमा आउँदै छन्। करिब ३५ अर्ब लगानी रहने यी होटेलमा १५ सयभन्दा बढी कोठा तयार भइरहेका छन्। यसबाट पर्यटक भित्र्याउन मद्दत पुग्ने व्यवसायीहरू बताउँछन्।

२०२५ मा एक दर्जनभन्दा बढी पाँचतारे सञ्चालनमा आउँदै

पछिल्लो समय ख्यातिप्राप्त अन्तर्राष्ट्रिय चेन होटेल नेपालमा लगानी गर्न उत्सुक देखिएका छन्। अधिकांश तारे होटेल तथा रिसोर्टको व्यवस्थापनमा चर्चित अन्तर्राष्ट्रिय होटेल चेन कम्पनी आउन थालेका छन्। होटेलका सञ्चालकहरूबीच पनि बहुराष्ट्रिय ब्रान्ड भित्र्याउन प्रतिस्पर्धा नै चलेको देखिन्छ।

» पृष्ठ २ मा क्रमशः

१० लाख पर्यटक आए, २० लाख पुऱ्याउने लक्ष्य

२०२३ मा विभिन्न देशबाट १० लाखभन्दा बढी पर्यटक नेपाल भ्रमणमा आएका छन्। सबैभन्दा धेरै सवा तीन लाख भारतीय र एक लाखभन्दा बढी अमेरिकन पर्यटक रहेका छन्। सरकारले बजेटमै २०२३ मा १० लाख पर्यटक पुऱ्याउने घोषणा गरेको थियो। कोभिड महामारीपछि घटेका पर्यटक पछिल्लो समय निरन्तर बढिरहेका छन्। ठूलो लगानीका दर्जनौं होटेल सञ्चालनमा आइरहँदा पर्यटक आगमन पनि क्रमशः बढ्न थालेपछि होटेल व्यवसायी पनि उत्साहित बन्न थालेका छन्। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले देशवासीका नाममा सम्बोधन गर्ने क्रममा आगामी वर्ष पर्यटकको संख्या दोब्बर पुऱ्याउने घोषणा गरेका छन्। अर्थात् २०२४ मा २० लाख पर्यटकको लक्ष्य राख्न थालिएको छ। 'छिमेकी देश भारतबाट १० लाख पर्यटक भित्र्याउन सकिने आधार देखियो, भारतीयको नेपालमोह यस वर्षको तथ्यांकले देखायो,' पर्यटन व्यवसायी वसन्त मिश्रले भने, 'हामीसँग २५ लाख पर्यटक राख्न सक्ने होटेल तथा रिसोर्ट तयार भइसकेका छन्।'

२०२३ मा बने १० अर्बका पाँचवटा पाँचतारे

२०२३ मा करिब १० अर्ब लगानीका पाँचवटा पाँचतारे स्तरका होटेल सञ्चालनमा आएका छन्। काठमाडौं, काभ्रे, भैरहवादेखि इटहरीसम्म नयाँ पाँचतारे थपिएका हुन्। साढे दुई अर्ब लगानीमा सिद्धार्थ बिजनेस ग्रुपले भैरहवामा असारदेखि पाँचतारे 'सिद्धार्थ भिलासा' होटेल सञ्चालनमा ल्याएको छ। त्यसअघि इटहरीमा 'सोल्टी वेस्टेन्ड इटहरी' सञ्चालनमा आएको छ। सिमराको इच्छा होटेललाई स्तरोन्नति गरेर पाँचतारे स्तरको बनाइएको छ। गत साउनमा करिब दुई अर्ब ५० करोड रुपैयाँ लगानीमा धुलिखेलमा लक्जरी 'दुसित थानी हिमालयन रिसोर्ट' सञ्चालनमा आएको छ। यस्तै, लाजिम्पाटमा पाँचतारे 'दुसित प्रिन्सेस काठमाडौं' होटेल सञ्चालनमा आएको छ। १२ तले होटेलमा पाँच प्रकारका एक सय सात कोठा रहेका छन्, जहाँ साढे दुई अर्ब लगानी भएको होटेल ल्हासा इन्टरनेसनलका समूहका अध्यक्ष छिरिङ लामा बताउँछन्।



हस्पिटालिटी उद्योगमा प्रख्यात अन्तर्राष्ट्रिय चेन होटेल आउनु सुखद हो

● **विनायक शाह**, अध्यक्ष, होटेल संघ नेपाल

पछिल्ला वर्षमा अन्य उद्योगमा खासै लगानी भएको देखिन्न। तर, होटेल तथा रिसोर्टमा भने लगानी ओइरिएको छ। एकपछि अर्को पाँचतारे होटेल सञ्चालनमा आइरहेका छन्। ठाउँ-ठाउँमा लक्जरी रिसोर्ट खुलिरहेका छन्। पक्कै पनि भविष्य देखेरै यति ठूलो लगानी भएको हो। अन्तर्राष्ट्रिय चेन नेपाल भित्रिन प्रतिस्पर्धामा छन्। उनीहरू पनि नेपालमा सम्भावना देखेरै आएका हुन्। घाटा खान कोही पनि आउँदैन। समग्रमा हस्पिटालिटीमा भएको लगानी उत्साहजनक छ। नेपालको हस्पिटालिटी उद्योगमा प्रख्यात अन्तर्राष्ट्रिय चेन होटेल आउनु सुखद हो। हामी विश्वका जुनसुकै वर्गका पर्यटकलाई सेवा दिन सक्षम छौं। वर्षमा २५-३० लाख पर्यटकलाई सेवा दिन सक्ने पूर्वाधार तयार भइसकेको छ। तर, अहिले आइरहेका पर्यटकले मात्रै पुग्दैन। जसरी नयाँ-नयाँ होटेल आइरहेका छन्, त्यसरी नै सरकारले तीनवटै एयरपोर्ट पूर्ण क्षमतामा चलाएर विश्वबजारमा कनेक्टिभिटी बढाउन सक्नुपर्छ। भारत र चीनका सहरहरूमा जति धेरै कनेक्टिभिटी बढाउन सकियो, त्यति पर्यटक आउँछन्। हामीले थोरै मिहिनेत गरेमा भारतबाट सजिलै १० लाख पर्यटक ल्याउन सक्ने देखिइसक्यो।

निकुञ्जभित्र ठूला जलविद्युत् सञ्चालन गर्ने गरी कार्यविधि

निकुञ्ज वा आरक्षमा सञ्चालन हुने सय मेगावाटभन्दा माथिका जलविद्युत् आयोजनाले नदी, खोला थुन्दा वा फर्काउँदा उच्च सुक्खा मौसममा २० प्रतिशत पानीको बहाव छाडे पुग्ने

यम बम/नयाँ पत्रिका

अब राष्ट्रिय निकुञ्ज र आरक्षभित्र ठूला जलविद्युत् आयोजना सञ्चालन गर्न सकिने भएको छ। यसअघि निकुञ्ज तथा आरक्षभित्र स्थानीय उपभोक्ताका लागि एक मेगावाटभन्दा कम क्षमताको मात्र जलविद्युत् आयोजना चलाउन मिल्ने व्यवस्था रहेकामा मन्त्रिपरिषद्ले 'संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८० जारी गर्दै सय मेगावाटभन्दा माथिका आयोजना पनि सञ्चालनको बाटो खोलेको हो।



● **बद्रीराज ढुंगाना**, प्रवक्ता वन तथा वातावरण मन्त्रालय

०६५ मा जारी भएको कार्यनीति सचिवस्तरीय थियो। ०७८ मा संशोधन गर्न खोज्दा सर्वोच्चमा मुद्दा पऱ्यो। सर्वोच्चले रोकिदिएपछि निकुञ्जभित्र ठूला आयोजना अगाडि बढाउन सकिएको थिएन। सर्वोच्चले नै कार्यविधि बनाएर अगाडि बढ्न भनेपछि सोहीअनुसार मन्त्रिपरिषद्बाट कार्यविधि जारी भएको हो।

राजपत्रमा प्रकाशित कार्यविधिमा उल्लेख भएअनुसार मध्यवर्ती क्षेत्र वा संरक्षित क्षेत्रमा सम्पूर्ण वा आंशिक संरचना पर्ने गरी जलविद्युत् आयोजना अगाडि बढाउन सकिनेछ। निकुञ्ज वा आरक्ष क्षेत्रमा भने बाँध, हेडरेस नहर, हेडरेस पाइप, टनेल पेनस्टक पाइप र विद्युत् उत्पादन गृहमध्ये केही संरचनाभित्र र केही बाहिर राख्न पाइनेछ। निकुञ्ज वा आरक्षभित्र बग्ने नदीमा एउटै नदीको प्रवाहमा एक स्थानभन्दा बढी स्थानबाट विद्युत् उत्पादन गर्न पाइने वा नपाइने विषयमा कार्यविधिमा प्रस्ट उल्लेख छैन। संरक्षित क्षेत्रभित्र सञ्चालन भएका जलविद्युत् आयोजनाले प्रयोग गरेको जग्गा परिवर्तन नहुने र जलप्रवाह कायम रहने देखिएमा जलविद्युत् आयोजनाको क्षमता थप गर्न पाइनेछ।

तर, निकुञ्ज वा आरक्षभित्र सञ्चालन हुने जलविद्युत् लगायत आयोजनाले उत्पादन वा कार्यसञ्चालनपछि नेपाल सरकारलाई बुझाउने राजस्वको थप पाँच प्रतिशत रकम तिर्नुपर्नेछ। यो रकमलाई शतप्रतिशत मानेर त्यसको ५० प्रतिशत प्रभावित स्थानीय तहमार्फत शिक्षा, स्वास्थ्य, खानेपानीमा खर्च हुनेछ भने बाँकी ५० प्रतिशत संरक्षित क्षेत्रको वनजंगल, वन्यजन्तु, जडीबुटीको संरक्षण र विकासमा खर्चनुपर्नेछ।

» पृष्ठ २ मा क्रमशः

■ राष्ट्रिय सभा निर्वाचन

गठबन्धनमा सिट बाँडफाँट गर्न आज निर्णायक बैठक

एमालेसँग चुनावी सहकार्यको 'च्याप्टर क्लोज' भएको नेताहरूको भनाइ



च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा शुक्रबार बसेको एमाले केन्द्रीय सचिवालय बैठक



● **वर्षमान पुन**
उपमहासचिव, माओवादी

एमालेलाई समेत समेटेर लाने विषयमा गम्भीर छलफलमा थियौं। तर, उहाँहरूले सबै सिटमा एक्लै उम्मेदवारी दिने निर्णय गरेपछि सहकार्य गरेर जाने अवस्था रहेन। अब गठबन्धनका दलबीच बाँडफाँटको टुंगो लगाउँछौं।



● **राजेन्द्र पाण्डे**
उपाध्यक्ष, एकीकृत समाजवादी

एमालेसँग सहकार्यको छाँट देखिएन। उहाँहरू तयार नहुँदा शुक्रबार संसद्को कानुन समितिको बैठकमा टिआरसी विधेयकको प्रस्ताव पनि आएन। अब गठबन्धनका चार दलबीच छलफल गरेर सिट बाँडफाँटको बाटोमा जान्छौं।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

एमालेले राष्ट्रिय सभाका रिक्त १९ वटै सिटमा उम्मेदवार उठाउने निर्णय गरेसँगै सत्तागठबन्धनका दल सिट बाँडफाँटबारे निर्णायक छलफलमा जुटेका छन्। संक्रमणकालीन न्याय (टिआरसी)सम्बन्धी विधेयक पारित गर्न एमालेको सहयोगको सुनिश्चितता खोजेको गठबन्धनले एमालेबाट ठोस प्रस्ताव नआएको भन्दै आपसमै सिट बाँडफाँटबारे छलफल थालेको हो। गठबन्धनले शनिबार निर्णायक बैठक बोलाएको छ।

आगामी २१ फागुनमा राष्ट्रिय सभा अध्यक्षसहित २० सांसदको कार्यकाल सकिँदै छ। त्यसमध्ये एकजना राष्ट्रपतिबाट मनोनीत छन् भने बाँकी १९ सांसदका लागि आगामी ११ माघमा निर्वाचन हुँदै छ। त्यसका लागि निर्वाचन आयोगले २३ पुसमा मनोनयन दर्ताको समय तोकेको छ।

माओवादी उपमहासचिव वर्षमान पुनले एमाले निर्णयसँगै सहकार्यको सम्भावना टुंगिएको बताए। उनले शनिबार गठबन्धन दलबीचको छलफलबाट सिट बाँडफाँटको टुंगो लाग्ने बताए। 'एमालेलाई समेटेर लाने विषयमा छलफल भएको हो, तर उहाँहरूले सबै सिटमा एक्लै उम्मेदवारी दिने निर्णय गरेपछि सहकार्य गरेर जाने अवस्था रहेन। अब गठबन्धनका दलबीच बाँडफाँटको टुंगो लगाउँछौं,' उनले नयाँ पत्रिकासँग भने।

शुक्रबार एमाले सचिवालय बैठकले १९ वटै सिटमा उम्मेदवारी दिने निर्णय गरेको थियो। सहकार्यका लागि छलफल छाडेर एमालेले यस्तो निर्णय गरेपछि एमालेसँग प्रतिस्पर्धामा जानुको विकल्प नभएको नेताहरूको भनाइ छ।

» पृष्ठ २ मा क्रमशः

■ १९ सिटमै उम्मेदवारी दिँदै एमाले

काठमाडौं/ एमालेले राष्ट्रिय सभा निर्वाचनमा सबै पदमा उम्मेदवारी दिने निर्णय गरेको छ। कतिपय क्लस्टरको प्रमाणीकरण गर्नुपर्ने विषय अझै स्पष्ट नभएकाले १९ वटै पदमा उम्मेदवारी दिने गरी सचिवालय बैठकमा प्रारम्भिक छलफल भएको महासचिव पोखरेलले जानकारी दिए।

'क्लस्टरगत रूपमा नामको छलफल भएको छ। कतिपय क्लस्टरको प्रमाणीकरण गर्नुपर्ने विषय स्पष्ट हुनुपर्ने भएकाले प्रारम्भिक छलफल मात्रै गरेका छौं,' उनले भने, 'विषय स्पष्ट भएर २३ पुसमा १९ वटै ठाउँमा उम्मेदवारी दर्ताको तयारी गरेका छौं।' सातवटै प्रदेशबाट प्रत्येक क्लस्टरबाट सिफारिस भएका तीनजनाको नाममाथि शुक्रबार प्रारम्भिक तहमा छलफल भएको उनको भनाइ छ। पार्टी र लोकतान्त्रिक आन्दोलनमा योगदान गरेका र सबै पक्षको विश्वास जित्न सक्ने नाम सात दिनभित्र सिफारिस गर्न एमालेले प्रदेश कमिटीहरूलाई निर्देशन दिएको थियो।

अस्पतालको विवादले सर्लाहीमा बन्दको आह्वान प्रहरीको गोलीबाट एक युवाले गुमाए ज्यान

■ प्रहरी भन्छ- हवाई फायर गर्दा टाउकोमा लाग्यो गोली

सर्लाहीमा **श्रवण थापा**

सत्तापक्षीय पाँच दलले आह्वान गरेको बन्दका क्रममा झडप हुँदा प्रहरीले चलाएको गोली लागेर सर्लाहीको बरहथवामा एक युवाको ज्यान गएको छ। एक घाइते भएका छन्। बरहथवा नगरपालिका- ६ का ३२ वर्षीय जयशंकर साहको प्रहरीको गोली लागेर मृत्यु भएको हो। उनको टाउकोमा गोली लागेको प्रहरीले जनाएको छ। बरहथवा नगरपालिका- ८ का अभिषेक राम घाइते छन्। उनको खुट्टामा गोली लागेको छ।

सर्लाहीका प्रहरी नायब उपरीक्षक दीपेन्द्र पञ्जियार थारूले प्रदर्शनकारीले प्रहरीको हतियार खोस्न र बरहथवा नगरपालिकाका प्रमुखको घरमा आगजनी गर्ने प्रयास गरेपछि प्रहरीले गोली चलाएको दाबी गरे। उनले हवाई फायर गर्दा आन्दोलनकारीको टाउकोमा गोली लागेको पनि जिकिर गरे। 'आन्दोलनकारीले उग्र भएर प्रहरीको हतियार खोस्ने तथा बरहथवा नगरपालिका प्रमुख कल्पनाकुमारी कटुवालको घरमा

» पृष्ठ २ मा क्रमशः



बरहथवामा कर्फ्यु

स्थिति तनावग्रस्त बनेपछि स्थानीय प्रशासनले बरहथवा बजार क्षेत्रमा कर्फ्यु आदेश जारी गरेको छ। जिल्ला सुरक्षा समितिको शुक्रबार बसेको आकस्मिक बैठकले बरहथवा बजार क्षेत्रमा शनिबार बिहान ८ बजेसम्मको लागि कर्फ्यु आदेश जारी गरेको हो। समितिले जारी गरेको आदेशमा पूर्वमा सीतापुर जाने बाटो ब्रह्मस्थान, पश्चिममा हजरिया जाने बाटो नहर, उत्तरमा सोती चोर्निया पुल र दक्षिणमा हनुमान मन्दिरलाई चार किल्ला कायम गरेर शुक्रबार साझ ५:३० बजेदेखि कर्फ्यु आदेश जारी भएको हो।

यस्तो थियो झडपको कारण

बरहथवा नगरपालिका- ६ मा निर्माण सम्पन्न १५ शय्याको अस्पताललाई कसको मातहत राख्ने भन्ने विवाद नै शुक्रबारको झडपको मुख्य कारण हो। एमालेबाट निर्वाचित नगर कार्यपालिकाका सदस्यहरू अस्पताललाई नगरपालिकामातहत राख्नुपर्ने तथा कांग्रेससहित अन्य दलबाट निर्वाचित कार्यपालिका सदस्य प्रदेशमातहत लैजानुपर्ने अडानमा छन्। विवाद बढ्दै जाँदा कांग्रेससहित पाँच दलीय गठबन्धनले शुक्रबार बन्दको आह्वान गरेको थियो।

फर्किए भारतीय विदेशमन्त्री

भ्रमण सफल, साझेदारी सुदृढ गर्न प्रतिबद्ध : जयशंकर

काठमाडौं / भारतीय विदेशमन्त्री डा. एस जयशंकर दुईदिने भ्रमण सम्पन्न गरेर शुक्रबार दिल्ली फर्केका छन् । बिहीबार संयुक्त आयोगको बैठकदेखि शीर्ष नेताहरूसँगको भेटघाट सकेर शुक्रबार फर्किंदा उनले भ्रमण सफल भएको भन्दै खुसी व्यक्त गरेका छन् ।

भारत नेपालसहितका छिमेकीसँगको सम्बन्ध पुनः परिभाषित गर्न प्रतिबद्ध रहेको जयशंकरको भनाइ छ । 'नरेन्द्र मोदीको नेतृत्वमा भारत सरकार छिमेकमा हाम्रा साझेदारसँगको सम्बन्ध र त्यसमा पनि नेपालसँगको सम्बन्ध पुनः परिभाषित गर्न प्रतिबद्ध छ,' उनले त्रिभुवन विश्वविद्यालयमा शुक्रबार केन्द्रीय पुस्तकालय उद्घाटनपछि आयोजित कार्यक्रममा भने, 'भ्रमण सफल भयो । आगामी दिनमा दुई देशबीच सुदृढ साझेदारीका कोसेढुंगा थप्दै जानेछौं ।'

विदेशमन्त्री जयशंकरले दुई देशबीचको सम्बन्धमा पछिल्ला वर्षहरूमा निकै सकारात्मक परिवर्तन भएको र आगामी दिनमा साझेदारी सुदृढ गर्न भारत प्रतिबद्ध रहेको पनि बताए । 'भ्रमणका दौरानमा हामीले जलविद्युत्लगायत विषयमा महत्त्वपूर्ण सम्झौता गरेका छौं । यी सम्झौताले साधारण नेपाली जनताको जीवनस्तरमा सकारात्मक प्रभाव पार्नेछन् भन्नेमा विश्वस्त छु,' उनले भने, 'दुई देशबीच साझेदारी कनेक्टिभिटी बढेको छ ।'

बिहीबार दुई देशबीच दीर्घकालीन विद्युत् व्यापारसहित चार सम्झौतामा हस्ताक्षर भएको थियो भने अन्तर्देशीय तीन विद्युत् प्रसारण लाइन उद्घाटन भएको थियो । जयशंकरले नेपाल-भारत सहकार्य थप सुदृढ हुने र भारतले निरन्तर सहयोग गरिरहने प्रतिबद्धता पनि जनाए ।

परराष्ट्रमन्त्री एनपी साउदले भारतसँगको सम्बन्धलाई नेपालले प्राथमिकतामा राखेको भन्दै पछिल्ला सहमति र सम्झौताप्रति प्रसन्नता व्यक्त गरे । नेपालको हवाई क्षेत्र, पूर्वाधारदेखि ज्ञानको क्षेत्रमा भारतले सहयोग पुऱ्याएकोमा प्रशंसा गर्दै उनले दुई देशको सम्बन्ध सुदृढ गर्न नेपाल प्रतिबद्ध रहेको बताए ।

शुक्रबार भारतीय सहयोगमा निर्मित केन्द्रीय पुस्तकालय, २५ विद्यालय र ३२ स्वास्थ्य संस्थाहरूको उद्घाटन भएको छ । दुवै देशका परराष्ट्रमन्त्रीहरूले भूकम्पपछि निर्मित परियोजनाको उद्घाटन गरेका हुन् । भारतले ०७२ को भूकम्पपछि नेपाललाई २५ करोड डलर अनुदान र ७५ करोड डलर सहुलियत ऋण दिएको थियो । यसपटक जाजरकोट र रुकुम पश्चिममा भूकम्पपछि पुनर्निर्माणका लागि भारत सरकाले नेपाललाई १० अर्ब रुपैयाँ दिने निर्णय गरेको जानकारी जयशंकरले प्रधानमन्त्री प्रचण्डलाई गराएका थिए । जाजरकोट र रुकुम पश्चिमका लागि भारतले पाँच चरणमा राहत सामग्री, बसोवासका सामान उपलब्ध गराएको छ ।

२० करोडका परियोजनामा भारतले सीधै लगानी गर्न नपाउने प्रधानमन्त्रीको प्रस्टीकरण

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भारतले २० करोडसम्मका योजनामा लगानी गर्ने सम्झौता भएको, तर त्यो पालिकाको प्रक्रियामार्फत हुने बताएका छन् । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको शुक्रबार बसेको बैठकमा सांसदहरूले प्रश्न उठाएपछि उनले यस्तो स्पष्ट पारेका हुन् । समिति बैठकमा एमाले सांसद रघुजी पन्तले भारतीय विदेशमन्त्री एस जयशंकरको नेपाल भ्रमणमा भएका जलविद्युत, अनुदान सहयोगलगायत सम्झौताबारे प्रधानमन्त्रीसमक्ष प्रश्न उठाएका थिए ।

'तीन करोडबाट सुरु भएर पाँच करोड हुँदै अहिले २० करोडसम्म भयो । हामीले मन्त्रिपरिषद्मा त्यसबारे लामै छलफल गरेका हौं,' जवाफमा प्रधानमन्त्री प्रचण्डले भने, 'तर, यहाँ भनेजसरी भारतले जहाँ पायो त्यहीं, जसरी पायो त्यसरी लगानी गर्ने भन्ने होइन । त्यसको प्रक्रिया छ । नगरपालिका वा गाउँपालिकाको प्रक्रियाबाट लगानी गर्न सक्ने कुरा हो । त्यो प्रक्रियाबाट मात्रै हो ।' यसलाई कसरी बढी व्यावहारिक बनाउनेतर्फ गम्भीर ध्यानाकर्षण भएको उनले बताए ।

प्रधानमन्त्री प्रचण्डले भारतले जुनसुकै जलविद्युत् आयोजनाबाट उत्पादन भएको भए पनि १० हजार मेगावाट विद्युत् खरिद गर्ने सम्झौता भएको पनि स्पष्ट पारे । 'निर्माण गर्दा भारतले मात्र गर्ने होइन, त्यस्तो कुनै प्रावधान छैन । यो विषयमा सरकार गम्भीर र संवेदनशील छ,' उनले भने, 'कुनै पनि देशले हाम्रो जलविद्युत् परियोजना अगाडि बढाउन सहयोग गर्न सक्छन् । उनीहरूको लगानी हुन सक्छ । जताबाट लगानी भए उत्पादन भएको भए पनि १० हजार मेगावाट बिजुली भारतले लाने सम्झौता हो, अरू होइन ।'

आफ्नो भ्रमणकै वेलामा चीनको प्रतिनिधिमण्डललाई आउन दिएको भनेर भारतीय विदेशमन्त्रीले असन्तुष्टि जनाएको भनी सांसदले उठाएको जिज्ञासामा प्रधानमन्त्रीले गलत कुरा भएको बताए । 'चिनियाँ प्रतिनिधिमण्डल आउनेबारे मसँगको भेटमा भारतीय विदेशमन्त्रीले कुरा गरे भन्ने बिल्कुल सत्य होइन । उहाँले एक शब्द उच्चारण गर्नुभएन । मैले त्यसबारे जवाफ दिनु पनि परेन । यतिसम्म कि 'वन टु वन' संवादमा समेत केही चासो राख्नुभएन । डेलिगेसन तहमा पनि भएन,' उनले प्रस्ट पारे ।

यसैबीच प्रमुख प्रतिपक्षी दल एमालेले भारतीय विदेशमन्त्रीको नेपाल भ्रमणको क्रममा भएका सम्झौताप्रति गम्भीर आशंका व्यक्त गर्दै सरकारसँग प्रस्ट पार्न माग गरेको छ । भारतीय विदेशमन्त्री डा. एस जयशंकरको नेपाल भ्रमणको क्रममा बिहीबार दुई देशबीचको जोइन्ट कमिटी बैठकपछि विद्युत् व्यापार, स्थानीय तहहरूमा २० करोड रुपैयाँसम्मका परियोजनामा भारतले सहयोग गर्न सक्नेलगायतका सम्झौता भएका थिए । शुक्रबार बसेको एमालेको सचिवालय बैठकले यी सम्झौताका विषय अपारदर्शी भएको भन्दै एमालेले प्रस्ट पार्न माग गरेको हो ।

भारतीय विदेशमन्त्री जयशंकरको नेपाल भ्रमण, आसन्न राष्ट्रिय सभा निर्वाचनलगायतका एजेन्डामा छलफल गर्न अध्यक्ष केपी ओलीले शुक्रबार केन्द्रीय सचिवालय बैठक राखेका थिए । उक्त बैठकमा नेताहरूले अपारदर्शी सम्झौता गरेको भन्दै सरकारको आलोचना गरेका थिए ।

संवैधानिक परिषद् विधेयकमा र ाज्य व्यवस्थाले थाल्यो छलफल

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी संशोधन विधेयकमा छलफल थालेको छ । १२ चैत ०७९ मा प्रतिनिधिसभामा दर्ता भएको विधेयक १५ वैशाख ०८० मा राज्य व्यवस्था समितिमा आएको थियो । सदनबाट आएको आठ महिनापछि समितिले विधेयकमा छलफल प्रारम्भ गरेको हो ।

शुक्रबार विधेयकको सैद्धान्तिक छलफलका लागि संवैधानिक परिषद्का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड उपस्थित भएका थिए । त्यसक्रममा प्रधानमन्त्री प्रचण्डले संवैधानिक परिषद्को बैठकसम्बन्धी कार्यविधि जगाउन विधेयक ल्याएको उल्लेख गर्दै कानुनी रूप दिन अनुरोध गरे । 'संवैधानिक परिषद्मा बहाल रहेका सबै सदस्य उपस्थित हुनुपर्ने र सर्वसम्मतिबाट निर्णय गर्ने परिपाटी विकास गर्न तथा सर्वसम्मति कायम हुन नसकेमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको बहुमतबाट निर्णय गर्ने व्यवस्था आवश्यकता छ,' उनले भने । संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी ऐन, २०६६ को दफा ६ (३) मा 'अध्यक्ष र कम्तीमा चारजना अन्य सदस्य उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने' र 'सहमतिबाट निर्णय हुन नसकेमा परिषद्का सम्पूर्ण सदस्यको बहुमतबाट निर्णय गरिने' व्यवस्था थियो । ०७७ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले अध्यादेश ल्याउँदा सो प्रावधान निष्क्रिय बन्यो ।

KCM काठमाण्डू कलेज अफ् म्यानेजमेन्ट लिमिटेड
ग्वार्को, ललितपुर

२६औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८०/०९/२१)

शेयरधनी महानुभावहरू,

मिति २०८०/०९/०३ गते मंगलबार बिहान ९:०० बजे बसेको सञ्चालक समितिको १५२ औं बैठकको निर्णयबमोजिम यस कलेजको २६औं वार्षिक साधारणसभा तथा एक महिला सञ्चालकसहित् तीन जना सञ्चालक निर्वाचन गर्न निम्न मिति, स्थान र समयमा निम्न लिखित विषयउपर छलफल गरी निर्णय गर्नुपर्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधि मुकरर गरी पठाइदिनुहुन सबै शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारणसभा हुने मिति, स्थान र समय

मिति : २०८०/०९/२६ गते, बिहीबार अर्थात जनवरी ११, २०२४ ।
स्थान : काठमाण्डू कलेज अफ् म्यानेजमेन्ट लिमिटेडको रजिष्टर्ड कार्यालय ल.पु.म.न.पा. वडा नं.-१७ ग्वार्को, ललितपुर ।
समय : बिहान ११:०० बजे ।

साधारणसभाका छलफलका विषयहरू:

(क) सामान्य प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन र कम्पनीको वार्षिक आर्थिक विवरण अर्थात २०८० साल आषाढ मसान्तसम्मको वासलात, २०७९ साल श्रावण १ गतेदेखि २०८० साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व.२०८०/०८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. ४० प्रतिशत नगद लाभांश वितरण गर्ने सम्बन्धमा ।
५. विविध ।

(ख) विशेष प्रस्ताव

१. एक महिला सञ्चालकसहित् ३ जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।

सञ्चालक समितिको निर्णयानुसार,
कम्पनी सचिव

धितो लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना **प्रकाशित मिति: २०८०/०९/२१**

यस संस्था बाट तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यले प्राप्त गर्नु भएको कर्जाको यस संस्था संग गरेको सम्झौता र लिखित बमोजिम समय समयमा तिर्नु बुझाउन पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि भुक्तान गर्न पटक पटक मौखिक, लिखित जानकारी गराउदा ३५ दिने कर्जा चुक्तागर्न आउने सम्बन्धी सार्वजनिक सूचना राष्ट्रिय दैनिकमा प्रकाशित गराउदा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाएको हुनाले कर्जा लिदा धितो बापत यस संस्थाको नाममा रोक्का रहेको तपसिलमा उल्लेखित चल अचल सम्पत्ती जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असूल उपर गर्नु पर्ने भएकोले सहकारी नियमावली २०७५, सहकारी ऐन २०७४ बमोजिम धितो लिलाम बिक्रीका लागी यो १५ दिने धितो लिलामी बिक्री सम्बन्धी सूचना प्रकाशीत गरिएको छ । अतः यस सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ऋण चुक्ता गर्ने अधिल्लो दिन सम्मको सावाँ ब्याज एवं अन्य दस्तुर समेतको सम्पूर्ण रकम भुक्तानी गरी आफ्नो सम्पत्ती फुकुवा गरी लिन ऋणी तथा सम्बन्धित जमानीकर्ताहरुलाई पुनः जानकारी गराइन्छ । अन्यथा यो सूचना प्रकाशित भएको १६ औं दिनमा निम्न मिति समय र स्थानमा निम्न शर्तहरुको अधिनमा रही डाँक बडाबडाबाट धितो लिलाम बिक्री गरिने भएकोले खरिद गर्न इच्छुक फर्म, कम्पनी तथा सर्वसाधारणहरुलाई यस सूचनाद्वारा आव्हान गरिन्छ । साथै धितो लिलाम बिक्री गर्दा सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल सम्पत्तीबाट कानुन बमोजिम लेना रकम असुल उपर गरिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

ऋणीको नाम थर र ठेगाना	धितो सुरक्षणका विवरण	जमानीकर्ताको नाम, थर, ठेगाना
ऋणिको नाम: भगवती भट्ट **बाबुको नाम**: हेम लाल ढकाल **बाजेको नाम**: आनन्द लाल ढकाल **पतिको नाम**: सीताराम भट्ट	मालपोत कार्यालय डिल्लीबजारमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. ४ स्थित कि.नं. ८४ को क्षेत्रफल १२८ व.मी. (०-४-०-०) र सो मा बनेको घर समेत ।	**नाम**: अनन्त कान्त मैनाली **बाबु**: रमा कान्त मैनाली **बाजेको** : मुक्ति कान्त मैनाली
ऋणिको नाम: बिनु कुमारी पुर्जा (ना.प्र.नं. २७९४ म्याग्दी) **बाबु**: टेक बहादुर सिंजाली **पति**: नर प्रसाद पुर्जा **हाल**: बु.न.पा. २, चपली भद्रकाली	का.जि., चपली भद्रकाली गा.वि.स. वडा नं. ८ क स्थित कि.नं. क्रमशः ५८३, ५८५ र ५८९ को हालसाबिक पछि कायम कि.नं. १०३ को क्षेत्रफल १७०.९० व.मी. रहेको जग्गा र सो मा बनेको घर तथा लिगलगापात समेत ।	**नाम**: नर प्रसाद पुर्जा (ना.प्र.नं. ४९१०३७/१७९ म्याग्दी) **बाबु**: कृष्णे पुर्जा **पत्नि** : बिनु कुमारी पुर्जा
ऋणिको नाम: रत्न साही (ना.प्र.नं. १११८७३७, काठमाण्डौं) **ठेगाना**: का.जि., का.म.न.पा.-१०, बानेश्वर **बाबु**: बुद्धी नारायण साही **बाजे**: लक्ष्मी नारायण साही **पत्नी**: रिता साही	का.जि., जोरपाटी गा.वि.स. वडा नं. ९ स्थित कि.नं. १३९, १४१, र १४३ को क्षेत्रफल क्रमश ९.४१ व.मी., ४० व.मी. र ३०.०७ व.मी. रहेको जग्गा र सो मा बनेको घर तथा लिगलगापात समेत ।	**नाम**: रिता साही (ना.प्र.नं. २९३५०, काठमाण्डौं) **बाबु**: तुलसी ब. साही **बाजे**: बाबु काजी साही **पति**: रत्न साही **ठेगाना**: का.जि., का.म.न.पा.-१०, बानेश्वर
ऋणिको नाम: सुशिला नेपाल **बाबुको नाम**: बाबुराम तिमिल्सीना **बाजेको नाम**: गुण प्रसाद तिमिल्सीना **पतिको नाम**: तेजस्वी नेपाल **ठेगाना**: दक्षिणकाली न.पा.वडा नं १, चाल्नाखेल	हाल: दक्षिणकाली न.पा. वडा नं. १ साविक चाल्नाखेल न.पा. वडा नं. ५(ख) चाल्नाखेल स्थित कित्ता नं. ३३८, ३४० को क्षेत्रफल ०-२-२-१ र ०-२-०-० मा बनेको २.५ तले घर ।	**नाम**: तेजस्वी प्रसाद नेपाल **बाबुको नाम**: चन्द्र प्रसाद नेपाल **बाजेको नाम**: प्रेम निधी नेपाल
ऋणिको नाम:सरोज भण्डारी (ना.प्र नं. ५।३७२९, भक्तपुर) **ठेगाना**: भक्तपुर जिल्ला, सुडाल गा.वि.स.वडा नं. ४ **बाबुको नाम**: पदम बहादुर भण्डारी **बाजेको नाम**: मिन बहादुर भण्डारी **पत्निको नाम**: रेणु कार्की (भण्डारी)	सरोज भण्डारीको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला सुडाल गा.वि.स. वडा नं.४ स्थित कित्ता नं. क्रमशः ११६, ११९ को क्षेत्रफल क्रमशः १-११-२-० र ०-१४-०-० रहेको जग्गा र सो जग्गामा निर्मीत घर तथा लिगलिगापात समेत ।	**नाम**: रेणु कार्की (भण्डारी) ना.प्र नं.५।६१३५ (भक्तपुर) **बाबुको नाम**: कृष्ण बहादुर कार्की **बाजेको नाम**: दल बहादुर कार्की **पतिको नाम**: सरोज भण्डारी

बोलकबोल सम्बन्धी शर्तहरू:

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी कवोल गर्ने व्यक्तिले आफुले बोलेको अंकको १० (दश) प्रतिशतले हुने रकम नगदै धरौटी बापत तत्कालै यस सहकारी संस्थामा बुझाउनु पर्नेछ ।
२. डांक बढा बढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्तीलाई अचल सम्पती दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षीत रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले संस्थावाट लिलाम स्विकृतको सूचना पाएको ७ दिन भित्र बाँकि रकम बुझाई अचल सम्पतीको स्वामित्व हस्तान्तरण गरि नलिएमा धरौटी बापत राखेको १० प्रतिशत रकम स्वत जफत हुनेछ ।
४. लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोहि दिन नबुझाएमा निज पछि सबै भन्दा बढि रकम बोल्ने व्यक्तिको नाममा लिलाम सकार गरिनेछ ।
५. तोकिएको लिलामको दिन विदा परे वा सरकारी विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलीपल्ट (सरकारी विदा वाहेक) पुनः लिलामको कार्य हुनेछ ।
७. लिलाम सकार गरेको अचल सम्पत्तीको स्वामित्व हस्तान्तरण सम्बन्धी सम्पूर्ण खर्च तथा लाग्न जाने शुल्क तथा अन्य दै दस्तुर उक्त लिलाम सकार गरि लिनेले नै व्यहोर्नु पर्नेछ ।
८. सम्बन्धीत ऋणीले लिलाम प्रकृया अगावै सम्पूर्ण रकम बुझाउन ल्याएमा सो कर्जा सम्बन्धी लिलाम प्रकृया रोकिनेछ ।
९. लिलाम प्रकृयामा सो जेथा कसैले सकार नगरेमा प्रचलित कानुनको अधिनमा रहि सो जेथा यस संस्थाले आफ्नो नाममा सकार गरी लिन सक्नेछ ।
१०. यस सम्बन्धी अन्य थप जानकारीको लागी डिल्लीबजार, चारखाल स्थित यस संस्थाको कार्यालयमा सम्पर्क राख्न सक्नु हुनेछ ।

लिलाम हुने मिति :- २०८०/१०/०७
समय :- दिउँसो २:००-३:०० बजे सम्म
लिलाम हुने स्थान:- संस्थाको कार्यालय, डिल्लीबजार -३०

वेलफेयर सेमिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
डिल्लीबजार, चारखाल, काठमाडौं, फोन नं.: ४४३३७०८, ४५२६५०३६

२०२४ मा...

पृष्ठ १ बाट क्रमशः

हालसम्म करिब डेढ दर्जन विख्यात ब्रान्ड नेपालमा भित्रिसकेका भने दर्जनभन्दा बढी ब्रान्डले आउन निर्माणाधीन होटेलसँग सम्झौता गरेका छन् । अन्तर्राष्ट्रिय चेनले विश्वव्यापी फैलिएको आफ्नो सञ्जाल प्रयोग गरी नेपालमा पर्यटक बढाउने अपेक्षा व्यवसायीको छ ।

उत्पादनमूलक उद्योगमा नयाँ लगानी आउन नसकिरहेका वेला होटेलमा भने ठूलो लगानी ओइरिएको छ । अहिले सञ्चालनमा रहेका र २०२४ मा सञ्चालनमा आउने होटेल हेर्दा २५ लाखभन्दा धेरै पर्यटक धान्ने आधार तयार भएको पर्यटन व्यवसायी वसन्त मिश्र बताउँछन् । अहिले काठमाडौंसहित झापा, विराटनगर, इटहरी, चितवन, पोखरा, बुटवल, भैरहवादेखि कैलालीसम्म धमाधम पाँचतारे होटेल निर्माण भइरहेका छन् । ०७२ को भूकम्पअघि निर्माण सुरु गरिएका केही ठूला होटेल पनि २०२४ मा सञ्चालनमा आउँदै छन् ।

पर्यटनको राम्रो सम्भावना देखेर नै विदेशी ब्रान्ड नेपालमा लगानी गर्न उत्सुक देखिएको होटेल व्यवसायी बताउँछन् । 'अन्तर्राष्ट्रिय चेन नेपाल भित्रिन प्रतिस्पर्धामा छन् । उनीहरू पनि नेपालमा सम्भावना देखेरै आएका हुन् । घाटा खान कोही पनि आउँदैन,' होटेल संघ नेपालका अध्यक्ष विनायक शाहले भन्छन्, 'समग्रमा हस्पिटालिटीमा भएको लगानी उत्साहजनक छ । हामी विश्वका जुनसुकै वर्गका पर्यटकलाई सेवा दिन सक्षम छौं । वर्षमा २५-३० लाख पर्यटकलाई सेवा दिन सक्ने पूर्वाधार तयार भइसकेको छ ।'

नेपालमा पहिलोपटक पाँच दशकअघि सोल्टी होटेलले विदेशी ब्रान्ड ओवरायलाई नेपाल भित्र्याएको थियो । ओवरायले सोल्टीमा रहेको आफ्नो सेयर बिक्री गरेर फिर्ता भइसकेको छ । अहिले हायात रिजेन्सी, म्यारियट, फेयरफिल्ड म्यारियट, र्‍याडिसन, ताज सफारी, ताज भिभान्ता, हायात प्लेस, अलफ्ट, द फर्न, होली डे इन एक्सप्रेस, होली डे इन, दुसित थानी, दुसित प्रिन्सेस, सिन्तामणिलगायत अन्तर्राष्ट्रिय चेन ब्रान्ड नेपालमा छन् । सोल्टीबाट केही वर्षअघि बाहिरिएको इन्टरकन्टिनेन्टल होटेल ग्रुप (आइएचजी)को चर्चित ब्रान्ड क्राउन प्लाजालाई उद्यमी अरुण चौधरीले पुल्चोकमा निर्माण भइरहेको होटेलमा ल्याउँदै छन् ।

अहिले निर्माणाधीन होटेलमध्ये अधिकांशमा अन्तर्राष्ट्रिय ब्रान्ड आउन लागेका छन् । सेराटन, मर्क्योर (एक्कोर समूह), हिल्टन, सेन्ट रिजिस, रमाडा, ले मेरिडियन, रोयल टुलिप, होली डे इन, क्राउन प्लाजा, मोक्सी, इन्टरकन्टिनेन्टल होटेल एन्ड रिसोर्ट, होटेल इन्डिगो, होली डे इन एक्सप्रेसलगायत नेपाल भित्रिने तयारीमा छन् ।

शंकर समूहले भूकम्पअघि नक्सालमा निर्माण सुरु गरेको हिल्टन काठमाडौं होटेल ०८१ असारदेखि पूर्ण क्षमतामा सञ्चालमा आउँदै छ । एक सय ७५ कोठाको होटेल सञ्चालनमा आउँदा लगानी ६ अर्ब ८५ करोड पुग्ने अनुमान गरिएको छ । यो होटेल निर्माण अवधि लम्बिँदै जाँदा लगानी पनि थपिँदै गइरहेको छ । १० रोपनी क्षेत्रफलमा बनिरहेको आइकोनिक टावरको १७औं तलामा स्विमिङ पुल रहने शंकर समूहले जनाएको छ ।

चितवनको पटिहानीमा पाँचतारे लक्जरी रिसोर्टको निर्माण कार्य तीव्र गतिमा छ । गैरआवासीय नेपाली रामेश्वर शाहले चितवनकै पहिलो पाँचतारे रिसोर्ट निर्माण थालेका हुन् । ३४ रोपनी क्षेत्रफलमा निर्माण भइरहेको यो रिसोर्टमा ६४ कोठा रहनेछन् । 'स्टुक्चरको काम सकिएर फिनिसिङको काम भइरहेको छ, कोठाको फिनिसिङ सकिनै लागेको छ, अहिले पब्लिक एरियामा घाँस र बिरुवा लगाउने काम भइरहेको छ,' शाहले भने, 'समग्रमा ७५ प्रतिशत काम सकिएको छ, नेपाली नयाँ वर्षमा सञ्चालनमा ल्याउने लक्ष्य छ ।'

रिसोर्टको व्यवस्थापनमा फ्रान्सेली 'लुभ्र होटेल्स ग्रुप'को 'रोयल टुलिप' ब्रान्ड आउँदै छ । सुरुमा शाहले ८५ करोड लगानी अनुमान गरेर रिसोर्ट निर्माण सुरु गरेका थिए । तर, बीचमा पाँचतारे लक्जरी रिसोर्ट बनाउने र विदेशी ब्रान्ड भित्र्याउने निर्णय भएपछि लगानी बढेर सवा अर्ब पुगेको शाहको भनाइ छ ।

काठमाडौंको बुढानीलकण्ठमा हेरिटेज प्रालिले निर्माण गरेको पाँचतारे 'लेमन ट्री प्रिमियर' होटेल २०२४ को पहिलो दिन (१ जनवरी)मै सञ्चालमा आएको छ । १२ रोपनी क्षेत्रफलमा बनेको नौतले भवनमा तीन प्रकारका एक सय दुई कोठा रहेका छन् भने एक अर्ब ६० करोड रुपैयाँ लगानी भएको छ । सिए दीपक पाण्डे, सिए नवराज बुर्लाकोटी, सेयर व्यवसायी अम्बिकाप्रसाद पौडेललगायतको लगानी रहेको लेमन ट्री प्रिमियर बुढानीलकण्ठ क्षेत्रकै पहिलो पाँचतारे हुनेछ । लेमन ट्री प्रिमियर भारतको सबैभन्दा ठूलो चेन हस्पिटालिटी म्यानेजमेन्ट कम्पनी हो ।

बुढानीलकण्ठमै अर्को पाँचतारे होटेल पनि जनवरीमा सफ्ट लन्च गर्ने तयारी भइरहेको छ । सांसद दीपक खड्का मुख्य लगानीकर्ता रहेको होटेल फरेस्ट इन निर्माणको अन्तिम चरणमा छ । यो होटेलको व्यवस्थापन बहुराष्ट्रिय कम्पनी इन्टरकन्टिनेन्टल होटेल्स ग्रुप (आइएचजी)को मिडस्केल ब्रान्ड 'होलिडे इन'ले सम्हाल्ने तय भइसकेको छ । सञ्चालकका अनुसार २६ रोपनी क्षेत्रफलमा फैलिने होटेलमा तीन प्रकारका एक सय १५ कोठा रहनेछन्, जसमा दुई अर्ब ६० करोड रुपैयाँ लगानी हुनेछ । कांग्रेस नेता खड्काले झापामा पनि पाँचतारे स्तरकै होटेल इस्टर्न निर्माण गरिरहेका छन् । यो होटेल पनि छिट्टै सञ्चालनमा ल्याउने उनको तयारी छ ।

काठमाडौंको सुकेधारा हाइटमा पाँचतारे होटेल 'मर्क्युर काठमाडौं' तयार भएको छ । देशबन्धु बस्नेत मुख्य लगानीकर्ता रहेको होटेलमा एक सय १२ कोठा रहनेछन् । 'रुमहरू तयारी अवस्थामा छन्, अहिले फर्निसिङको काम भइरहेको छ, यस्तै बाहिरी भागमा फिनिसिङको काम हुँदै छ,' नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्यसमेत रहेका बस्नेतले भने, 'आगामी एप्रिल-मेसम्म होटेल सञ्चालनमा ल्याइसक्ने लक्ष्य छ ।'

सुरुवातमा एक अर्ब ५६ करोड लगानी अनुमान गरिएकोमा निर्माण अवधि लम्बिँदै जाँदा लागत पनि ४५ प्रतिशतले बढेको छ । होटेल सञ्चालनमा आउँदा लगानी सवा दुई अर्ब पुग्ने संशोधित अनुमान छ । सुकेधारा हाइटमा बनेको गगनचुम्बी भवनबाट काठमाडौं उपत्यकाको सुन्दर दृश्यावलोकन गर्न सकिने बस्नेतले बताए । यस होटेलको व्यवस्थापन अन्तर्राष्ट्रिय चेन होटेल एकोर ग्रुपले गर्नेछ, जुन 'मर्क्युर' ब्रान्डमा सञ्चालन हुनेछ ।

बस्नेतले नै एक अर्बभन्दा बढी लगानीमा पूर्वको व्यापारिक केन्द्र इटहरीमा अर्को पाँचतारे होटेल निर्माण गरिरहेका छन्, जुन २०२४ भित्रै सञ्चालनमा आउने उनले बताए । व्यवस्थापन सम्हाल्न अमेरिकी होटेल ग्रुप 'विन्डह्याम' नेपाल आउने सम्झौता भइसकेको छ । होटेल 'रमाडा बाई विन्डह्याम' ब्रान्ड नेममा सञ्चालनमा आउनेछ । आठ तलाको होटेलमा ८० कोठा रहने बस्नेतले बताए ।

गुण ग्रुपले ग्वार्कोमा निर्माण गरेको अपार्टमेन्ट परियोजनालाई होटेलमा परिणत गर्दै छ । अहिले धमाधम इन्टेरियरको काम भइरहेको होटेलका प्रबन्ध निर्देशक दीप्रश शाक्यले बताए । 'स्ट्रक्चर निर्माण सकिएको छ, अहिले साजसज्जा, फर्निसिङ, लाइटिङलगायत काम भइरहेको छ,' उनले भने, 'डिसेम्बर २०२४ भित्र होटेल सञ्चालनमा ल्याउने लक्ष्यसहित काम भइरहेको छ ।' १७ रोपनी क्षेत्रफलमा बनेको १३ तले भवनमा तीन सय दुई कोठा रहनेछन् । होटेल सञ्चालनमा आइसक्दा लगानी साढे ६ अर्ब पुग्ने अनुमान गरिएको शाक्यले बताए ।

पूर्वमन्त्री एवं व्यवसायी मोतीलाल दुगड नेतृत्वको सेज्चुरियन ग्रुपले विराटनगरमा सपिङ मलसहितको पाँचतारे होटेल निर्माण गरिरहेको छ । सपिङ मल सञ्चालनमा आइसकेको दुगडले बताए । 'होटेलको स्ट्रक्चर निर्माण सकिएको छ, फिनिसिङको काम हुँदै छ,' उनले भने, '२०२४ डिसेम्बरसम्म होटेल सञ्चालनमा ल्याइसक्ने लक्ष्य राखेका छौं ।'

डेढ बिघा क्षेत्रफलमा बनिरहेको होटेल, मल र क्यासिनोका लागि छुट्टाछुट्टै तीनवटा टावर ठड्याइएको छ । मलसहितको होटेल सञ्चालनमा आउँदा लगानी सवा तीन अर्ब पुग्ने दुगडले बताए । यो विराटनगर क्षेत्रकै पहिलो पाँचतारे होटेल हुने उनको भनाइ छ । होटेलको व्यवस्थापन अन्तर्राष्ट्रिय होटेल ब्रान्ड र्‍याडिसनले सम्हाल्ने सम्झौता भइसकेको छ ।

तनहुँको चर्चित पर्यटकीय गन्तव्य बन्दीपुरमा पनि पाँचतारे होटेल बनिरहेको छ । 'क्विन टावर' नाम दिइएको १७ तले होटेलमा ८२ कोठा हुनेछन् । 'होटेलको स्ट्रक्चरको काम सकेर इन्टेरियर र आउटेरियर डिजाइनको काम भइरहेको छ,' बन्दीपुर केबुलकार एन्ड टुरिजम लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले भने, 'अहिलेसम्म ९० प्रतिशत काम सकिएको छ, ०८१ मंसिरदेखि सञ्चालनको लक्ष्य राखेका छौं ।'

केबुलकार निर्माण सम्पन्न भइसकेको छ । वैशाखदेखि केबुलकार सञ्चालनमा ल

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २१ पुस ०८०
nayapatrikaofficial @naya_patrika



मदनकृष्ण श्रेष्ठलाई छोरा यमनको प्रश्न

असल बुबा बन्न गाह्रो कि असल छोरा ?

एकछिनका लागि मानौं, तपाईंको जिन्दगी नै एउटा फिल्म हो । यो फिल्मको नाम के राख्नुहुन्छ ?

मान्छेले चिनेका छन् जस्तो लाग्छ । धेरै मान्छेले चिन्नु भनेको पनि ठूलो सम्पत्ति हो । पैसाले किनेको सम्बन्ध नक्कली र स्वार्थी हुन्छ । विनास्वार्थको साथी वा सम्बन्ध कमाउनु जीवनको सबैभन्दा ठूलो कुरा अरू हुन सक्दैन । त्यसकारण, पैसाभन्दा सम्बन्धको महत्त्व ठूलो लाग्छ ।

तपाईलाई धेरैले मन पराउँछन् । कतिपयले त सम्मानपूर्वक तपाईको खुट्टा नै ढोगेको पनि देखेको छु । मान्छेहरूले तपाईलाई यति धेरै सम्मान किन गर्छन् होला ?

भावुक व्यक्तिहरूलाई मेरो खुट्टा ढोगौं जस्तो पनि लाग्ला । मेरो खुट्टैचाहिं नढोगिदिएहुन्थ्यो जस्तो लाग्छ । धेरै भावुक पनि नहुनु, मन पराइदिए मात्रै पुग्छ । म आफूलाई खुट्टै ढोग्न लायक ठान्दिनँ । सबैले मन पराउनुहुन्छ भनेर ढुक्कले बसेको पनि छैन म । जतिले मलाई मन पराउनुभएको छ, उहाँहरूलाई आफ्नो कमाइ ठानेको छु । सबैले मन पराउँछन् भन्नेमा विश्वास पनि छैन । सबैले मन पराउनु पनि हुँदैन । जीवनमा मन नपराउने मान्छे पनि चाहिन्छ । एक सयजनामा चार-पाँचजनाले मन नपराउने हुनु पनि पर्छ । मन पराएकोभन्दा मन नपराएको मान्छेतिर ध्यान दिनुपर्छ ।

मलाई अमेरिका छाडेर पहिलोपटक नेपाल आउँदा तपाई डाँकै छाडेर किन रुनुभयो ?

आफ्नो काखमा हुर्काएको बच्चालाई एक्लै छोड्नु गाह्रो हुँदो रहेछ । त्यसवेला दुई महिनाजति सँगै बस्यौं । तर, तिमीलाई बाइबाइ गर्दा चित्त दुख्यो । त्यसवेला एयरपोर्टको बाथरुममा गएर रोएको थिएँ । मुख बंग्याएर रोएको थिएँ । त्यो अनुहार हेर्नलायकको थियो । ऐना हेर्दा पटक्कै हाँसो आएन । रुवाइले जित्यो । त्यो वेला मेरो भन्दा तिम्रो पिर लागेको थियो । छोराले कसरी दिन बिताउला ? के गरेर खाला ? काम पाएन भने के गर्ला ? काम पाउला कि नपाउला ? यस्ता कुराको मात्रै सोचाइ आयो । त्यो क्षण अझै सम्झन्छु । अमेरिकाजस्तो सुविधासम्पन्न देशमा छोरालाई छोडेर आउँदा त मन दुखेको आफ्नो शरीर कमजोर हुँदै जान्छ । शरीर कमजोर भएपछि समय पनि कमजोर हुँदै जान्छ । त्यो अवस्थामा परिवार र छोराछोरी सँगै भएनन् भने टेक्ने ठाउँ नै हुँदैन । भर गर्ने ठाउँ हुँदैन । त्यस्तो वेलामा तिमीहरू आयौ । यो अरूका लागि पनि ठूलो उदाहरण हो ।

म घरको काम भ्याएर कलाकारिता र व्यापारतिर पनि दौडिरहेको देख्दा तपाईलाई कस्तो लाग्छ ?

आफ्नै खुट्टामा उभिन जरुरी छ । यसैका लागि तिमी दौडिरहेका छौ । सधैं तिमीसँग म भइरहन्न । तिमीले आफ्नै खुट्टामा उभिनुपर्छ । आफ्नो जीवनको भारी कति गरुँगो हुँदो रहेछ भनेर बोकी हिँडिरहेका छौ । यसमा निकै खुसी छु । जसबाट विभिन्न किसिमका मान्छेसँग संगत हुन्छ । कुनै सहयोगी, असहयोगी, स्वार्थी, माया गर्ने-नगर्ने सबै किसिमका साथीभाइसँग पनि भेट हुन्छ । ती सबैलाई चिन्दै राम्रो व्यवहार गर्दै अघि बढ्नुपर्छ ।

मेरो गायन, संगीत, अभिनय, लेखन, निर्देशनमध्ये बुबालाई कुन राम्रो लाग्छ ? मैले केमा चाहिं बढी समय दिएहुन्थ्यो जस्तो लाग्छ ?

स्क्रिप्ट लेख्न, गीत लेख्न, गाउन, ऐन्ज गर्न, अभिनय गर्न, स्टेजमा बोल्न पनि सक्छौ । तिमी रमाइलो जोक पनि गर्न सक्छौ । भर्सटाइल छौ । कसैलाई चोट पुग्ने खालको रोस्ट गर्दैनौ । उडाएर हसाउँदैनौ । त्यो राम्रो पक्ष हो । तिमीसँग हसाउने कला छ । सबैलाई हसाउँदै खुसी बनाउँदै अघि बढ्नू । तिमीसँग सबै कुरा गर्न सक्ने गुण छ । त्यसकारण तिमीप्रति म ढुक्क छु ।

तपाईको ७४ वर्षे जीवनमा आधारित फिल्म तपाई आफैंले निर्देशन गर्नुपऱ्यो भने आफ्नो भूमिकामा कसलाई लिनुहुन्छ ?

क्यारेक्टरअनुसार छनोट गर्छु होला । यो क्यारेक्टरमा छोरालाई खेलाउँछु भन्दिनँ । जसलाई सुहाउँछ, उसैलाई खेलाउँछु । सिनियर कलाकारमध्ये नीर शाहलाई खेलाउँछु होला । उहाँ राम्रो अभिनय गर्नुहुन्छ । मलाई मन पर्छ । उहाँको फ्यान पनि हुँ म । ७४ वर्षे उमेरको भूमिका उहाँलाई सुहाउँछ पनि ।

यदि अहिले नै पार्किन्सन निर्मूल गर्ने औषधि वैज्ञानिकले पत्ता लगाए र तपाईं पहिलेजस्तै तन्दुरुस्त हुनुभयो भने आगामी दिनमा के-के गर्नुहुन्छ ?

पार्किन्सन निको भए मेरो पुनर्जन्म नै हुन्थ्यो । स्वस्थ हुन्थें । पहिलेको जस्तै दौडिन उफ्रन, नाच्न, गाउन सक्थें । पहिलेजस्तै काम गर्न सक्थें । पहिलेको कामलाई अझ स्पिड बढाउँथें ।

छोराछोरीलाई तपाईं के सन्देश दिनुहुन्छ ?

आफूसँग भएको सीपलाई सदुपयोग गर्दै जानू । कसैप्रति बेइमानी नगर्ने, कानुनले गर्नुहुन्न भनेको कुरा, आत्माले गर्नुहुन्न भन्ने कुरा, धर्मले गर्नुहुन्न भन्ने कुरा कहिल्यै नगर्नू । यी कुराबाट सतर्क भएर काम गऱ्यो भने कहिल्यै दुःख हुँदैन ।

बुबा बन्न गाह्रो कि छोरा ?

असल बुबाभन्दा असल छोरा बन्न गाह्रो छ । असल बुबाले अर्ती मात्रै दिने हो । असल बुबा बन्न पनि धेरै वर्ष लागेको हुन्छ । धेरै अनुभव लिएर बुबा बनिसकेको हुन्छ । असल छोराले धेरै काम गर्न बाँकी हुन्छ । दुःख झेल्न बाँकी हुन्छ । अर्ती दिनुभन्दा भोग्न गाह्रो हुन्छ । सबै भोगिसकेपछि बुबा बन्ने हो । बुबा मात्रै बनेर पनि हुँदैन ।

'बलिदान'जस्तो फिल्ममा पनि तपाईंहरूले अभिनय गर्नुभयो । देशको अवस्था देख्दा तपाईलाई कुनै मन्त्री बनेर देश बनाउँछु जस्तो लाग्यो कि लागेन ?

राजनीति गरेर देश परिवर्तन गर्ने सोच कहिल्यै आएन । राजनीतिको बाटो हिँडिएन । मन्त्री बन्नका लागि धेरै मिहिनेत गर्नुपर्छ । कहिल्यै नहिँडेको बाटो हिँड्दा अन्योल हुन्छ । थाहा नभएको बाटो हिँड्दा कहाँ पुगिन्छ, थाहा हुँदैन । थाहा नभएको बाटो सोध्दै हिँड्ने बानी छैन ।

अहिलेको सरकारले कलाक्षेत्रका लागि के गरिदिएहुन्थ्यो जस्तो लाग्छ ?

सरकारले कलाक्षेत्रको परिस्थिति बुझिदिए मात्रै पुग्छ । कलालाकार आफैंले पनि पहल गर्नुपर्छ । हाम्रो पालामा अहिलेको जस्तो स्थिति थिएन । हामीले रेडियो, रंगमञ्च, टेलिभिजनलगायत विभिन्न प्लाटफर्मको सदुयोग गऱ्यौं । हामीले सामाजिक विषयलाई ध्यान दियौं । यसरी अघि बढ्दै आयौं ।

प्रस्तुति : **पवन बराइली**

बुबा तपाईंले कलाकारिताको दौरान धेरै पात्र बनेर अभिनय गर्नुभयो । वास्तविक जीवनमा एक दिनका लागि ती पात्रमध्ये कुनै एक बन्नुपऱ्यो भने कुन रोज्नुहुन्छ ?

मैले कलाकारिताको दौरान थुप्रै क्यारेक्टर बनेर अभिनय गरैं । मैले निर्वाह गरेको अधिकांश पोजेटिभ क्यारेक्टर छन् । 'पजेटिभ क्यारेक्टर'हरूमा अभिनय गर्दा रमाइलो लाग्छ । 'बलिदान' फिल्मको क्यारेक्टर सम्झना आयो । म सिपाहीको भूमिकामा थिएँ । त्यो क्यारेक्टरले मान्छेको राजनीतिक चरित्र बुझेको हुन्छ । त्यो वेला देशको राजनीतिक भविष्य कस्तो होला, के होला भन्ने थियो । त्यसवेला मैले जस्तो भूमिका निर्वाह गरेको थिएँ, अहिले पनि अवस्था त्यस्तै छ । त्यस्तो ठूलो परिवर्तन भएको छैन । अहिले बन्नुपऱ्यो भने म त्यही क्यारेक्टर बन्ने थिएँ । दिनभरि त्यही क्यारेक्टरलाई मेन्टेन गरेर बस्थें हुँला ।

एकछिनका लागि मानौं, तपाईको जिन्दगी नै एउटा फिल्म हो । यो फिल्मको नाम के राख्नुहुन्छ ?

फिल्मको नाम 'महको मह' राख्थें । महको महमा मेरो सम्पूर्ण जीवन छ । त्यसमा मेरो परिवार यमन, सराना (छोरी), रिंकु (बुहारी), हरिवंश, बा आमा, साथीहरू सबै समेटिन्छन् । जीवनको सबथोक महको महमा छ । त्यसैले जिन्दगी फिल्म भएको भए महको मह राख्थें ।

तपाईको जन्मथलो उहिलेको जितपुरफेदी सम्झिनासाथ दिमागमा के आउँछ ?

जितपुरफेदी(काठमाडौं) भन्नेबित्तिकै आफू जन्मेको घरको सम्झना आउँछ । घरको कोठा, दलिन र भ्यालमा बसेर चिच्याईचिच्याई बुबालाई बोलाएको याद आउँछ । गाउँको खोलानाला, चौतारी, ढुंगेधारा सम्झनामा आउँछ । बचपनमा साथीहरूसँग खोलामा पौडी खेल्न गएको, माछा मार्न गएको याद आउँछ । साइकल चढेर स्कुल गएको, लाल्टिन बालेर अँध्यारोको डर मानीमानी हिँडेको, पौडी खेल्न जाँदा बेलुका बुबाले गाली गर्नुभएको, घरमा लुकीलुकी आएको दृश्य सम्झना आउँछ ।

पैसा र मान्छेको सम्बन्धबारे तपाईको धारणा के हो ? यस्तो धारणा तपाईलाई कहाँबाट आयो ?

पैसा कमाउन जति गाह्रो छ, सम्बन्ध कमाउन त्यति सजिलो छैन । कहिलेकाहीं कमाएको सम्बन्ध पनि टुट्न सक्छ । त्यसकारण जीवनमा इमानदारिता कायम राख्नुपर्छ । आफूले सधैं राम्रो व्यवहार गरिराख्नुपर्छ । सधैं राम्रो व्यवहार गर्न नसकिएला, सधैं इमानदारिता तलमाथि हुन सक्ला, तर सतर्क हुनुपर्छ । सम्बन्ध राम्रो भयो भने पैसा भनेको त कमाइन्छ नि ! सम्बन्धले आफू बलियो भइन्छ । पैसाले पनि आफूलाई बलियो त बनाउँछ, तर पैसा कमाएर एक्लै बस्नुपऱ्यो भने के गर्ने ? सम्बन्ध बचाउन सकियो भने आफू न्यानो भएर बाँच्न पाइन्छ । सम्बन्ध बच्यो भने दुःखसुख बाँडचुँड गरेर बाँच्न पाइन्छ । पैसा मात्रै भएर सम्बन्ध कसैसँग भएन भने त्यो भिलेनजस्तो हुन्छ । हामीले खास पैसा कमाएका छैनौं होला । तर, पैसाभन्दा हामीले सम्बन्ध कमाएका छौं । जसले गर्दा हामीलाई धेरै थियो भने खाडी मुलुकको ५२ डिग्रीको तातोमा आफ्ना छोराछोरीलाई पठाउने बुबाआमाको मन कस्तो हुँदो हो ?

१३ वर्षपछि छोराले बुहारी र नातिनी लिएर अब यतै बस्छौं भनेर फर्केर आउँदाचाहिं कस्तो महसुस भयो ?

तिमी नेपाल फर्किन्छौ भनेर सोचेकै थिइनँ । यहाँ तिम्रो आमा र म ठीकै थियौं । मेरो पनि अमेरिकामै तिम्रो राम्रो होस् भन्ने इच्छा थियो । तर, तिम्री आमालाई क्यान्सर लाग्यो । र, तिमी सबै त्यागेर आमा ठूलो भनेर आयौ । तिमी फर्किएर आउँदा मन खुसी भएको थियो । मलाई ठूलो भरोसा लाग्यो । आफ्ना छोराछोरी आफूसँगै भए भने मन बलियो हुन्छ । छोराछोरी टाढा हुँदा कमजोर हुन्छ । शरीर, स्वस्थ र समय सधैं एकनास हुँदैन । शरीर बलियो हुँदा सबै ठीकै हुन्छ । जब उमेर छिप्पिँदै जान्छ तब आफ्नो शरीर कमजोर हुँदै जान्छ । शरीर कमजोर भएपछि समय पनि कमजोर हुँदै जान्छ । त्यो अवस्थामा परिवार र छोराछोरी सँगै भएनन् भने टेक्ने ठाउँ नै हुँदैन । भर गर्ने ठाउँ हुँदैन । त्यस्तो वेलामा तिमीहरू आयौ । यो अरूका लागि पनि ठूलो उदाहरण हो ।



बुबासँग छोरा यमन

> असल बुबाभन्दा असल छोरा बन्न गाह्रो छ । असल बुबाले अर्ती मात्रै दिने हो । असल बुबा बन्न पनि धेरै वर्ष लागेको हुन्छ । धेरै अनुभव लिएर बुबा बनिसकेको हुन्छ । असल छोराले धेरै काम गर्न बाँकी हुन्छ । दुःख झेल्न बाँकी हुन्छ ।

> त्यो क्षण अझै सम्झन्छु । अमेरिकाजस्तो सुविधासम्पन्न देशमा छोरालाई छोडेर आउँदा त मन दुखेको थियो भने खाडी मुलुकको ५२ डिग्रीको तातोमा आफ्ना छोराछोरीलाई पठाउने बुबाआमाको मन कस्तो हुँदो हो ?

नेपालमा यसरी भित्रियो युनिलिभर



संस्मरण

● रविभक्त श्रेष्ठ

नेपालमा बहुराष्ट्रिय कम्पनी युनिलिभर भित्रिनुको रोचक कथा छ। त्यसवेला बुबा इन्द्रभक्त श्रेष्ठ इन्द्रचोकमा व्यापार गर्नुहुन्थ्यो। म बुबालाई व्यापारमा सघाउन थालिसकेको थिएँ। त्यसवेलै हिन्दुस्तान लिभरका उत्पादनहरूको नेपालका लागि आधिकारिक विक्रेता थियौं। लिभरका शृंगारका सामग्री, लक्स साबुनलगायत खुबै आयात हुन्थ्यो।

बुबा वाणिक मण्डलको सदस्य (सन् १९५१), नेपाल चेम्बर अफ कमर्सको चार कार्यकाल अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष (१९७८-८१), नेपाल राष्ट्र बैंकको निर्देशक (१९७८-८०), शाही नेपाल वायुसेवा निगमको बोर्ड सदस्य (१९८२) भइसक्नुभएको थियो। पछि म आफैं पनि महासंघको अध्यक्ष भएँ। बुबा व्यापार व्यवसायसँगै सरकारी निकायदेखि विभिन्न संघसंस्थामा उत्तिकै सक्रिय हुनुहुन्थ्यो। यसैले राष्ट्रदेखि परराष्ट्रसम्म उहाँको एक किसिमको पहिचान बनिसकेको थियो।

युनिलिभर सेप्टेम्बर १९२९ मा स्थापित भएको बहुराष्ट्रिय कम्पनी हो। नेपालमा युनिलिभरका प्रडक्टहरूको एकसरो बजार बनिसकेको थियो। देशमै उद्योग खोलेर सामान उत्पादन गर्न सकेमा देशैभर कम्पनीका वस्तु पुऱ्याउन सकिने सम्भावना थियो। बुबाको मनमा लाग्यो, 'युनिलिभरको उद्योग नेपालमै खोल्न पाए राम्रो हुन्थ्यो।' संयुक्त लगानीमा उद्योग स्थापना गर्न बुबाले प्रस्ताव गर्नुभयो। हामीले प्रस्ताव गर्नेबित्तिकै युनिलिभरले तत्काल 'ओके' भन्नेवाला थिएन। बजार अध्ययन गरेर सम्भावना देखे मात्र अनुमति दिनेवाला थियो।

त्यसताका नेपालमा प्रजातन्त्र आइसकेको थिएन। राज्य नियन्त्रित अर्थव्यवस्था थियो। त्यसवेला कुनै पनि उद्योग व्यवसायले लाइसेन्स पाउनु चानचुने कुरो थिएन। बुबाको प्रस्तावपछि हिन्दुस्तान लिभरले नेपालमा आएर बजार सम्भाव्यता अध्ययन गऱ्यो। हाम्रो क्रियाकलाप र प्रतिष्ठाबारे सोधखोज गरेछन्। अरू थुप्रै व्यावसायिक घरानासँग पनि कुराकानी गरेछन्। अरू ठूला घरानाहरू पनि युनिलिभरसँग सहकार्य गर्न इच्छुक थिए। हामी युनिलिभरको वितरक भन्नेबित्तिकै उद्योग चलाउन हामीसँगै सहकार्य गर्नुपर्छ भन्ने बाध्यता थिएन।

> युनिलिभर नेपालले सन् १९९२ देखि व्यावसायिक उत्पादन गरिरहेको छ। हामीले पहिलो वर्षदेखि नै राम्रो गर्दै गयौं। उद्योग खोल्नुअघि नै युनिलिभरका प्रडक्टले नेपाली उपभोक्ताको विश्वास जित्दै थिए। यहीं उत्पादन सुरु गरेपछि युनिलिभरका प्रडक्ट देशैभर पुग्न थाले। केही वर्ष हामीले निर्यात पनि गऱ्यौं।

हिन्दुस्तान लिभरका प्रतिनिधिले बजार सम्भाव्यता अध्ययन गरे। हाम्रा बारेमा सोधखोज गरेपछि सहकार्यका लागि सहमत भए। त्यो हाम्रो लागि गौरवको कुरा थियो। विश्वकै प्रतिष्ठित बहुराष्ट्रिय कम्पनीसँग साझेदारी गर्न धेरै क्राइटेरिया पूरा गर्नुपर्थ्यो। राम्रो गुडविल र इथिकल बिजनेस गरेको हुनुपर्थ्यो। उनीहरूले सबै तहबाट हामीलाई उपयुक्त ठहऱ्याई हातेमालो गर्न तयार भए।

लिभर हामीसँग साझेदारी गरेर उद्योग खोल्न तयार भयो। उसले कसैसँग संयुक्त लगानी गरेको उद्योग खोल्न लागेको त्यो पहिलोपटक थियो। उनीहरूले त्यतिवेलै भनेका थिए, 'अरू देशमा कसैसँग पनि संयुक्त लगानी गरेको छैनौं।' हामीले त्यो अवसर प्राप्त गऱ्यौं। प्रचलित औद्योगिक ऐन तथा नियमअनुसार 'नेपाल लिभर लिमिटेड' कम्पनी दर्ता गर्न आवेदन दियौं। तर, त्यो समयमा उद्योग दर्ता गर्न कठिन भयो। बहुराष्ट्रिय कम्पनी प्रोफेसनल र इथिकल काम गर्न खोज्छन्। त्यसवेला नेपालमा पैसा खर्च नगरी केही काम हुँदैनथ्यो। इजाजत दिन झन्डै दुई वर्षसम्म आलटाल गरियो। धेरै प्रयासपछि ०४६ सालमा इजाजत पायौं र हेटौंडामा जग्गा लिएर उद्योग स्थापना गऱ्यौं।

युनिलिभर नेपालले सन् १९९२ देखि व्यावसायिक उत्पादन गरिरहेको छ। हामीले पहिलो वर्षदेखि नै राम्रो गर्दै गयौं। उद्योग खोल्नुअघि नै युनिलिभरका प्रडक्टले नेपाली उपभोक्ताको विश्वास जित्दै थिए। यहीं उत्पादन सुरु गरेपछि युनिलिभरका प्रडक्ट देशैभर पुग्न थाले। केही वर्ष हामीले निर्यात पनि गऱ्यौं। अहिले युनिलिभर देशको सबैभन्दा ठूलो उद्योगमध्ये पर्छ।

युनिलिभर नेपालको पुँजीबजारमा 'ब्लु चिप' कम्पनी बनेको छ। बिहीबार दोस्रो बजारमा युनिलिभरको सेयर प्रतिकित्ता ४० हजारमा किनबेच भएको थियो। कम्पनीले गत वर्षको नाफाबाट लगानीकर्तालाई १५८० प्रतिशत लाभांश दिने घोषणा गरेको छ। नेपालमा लगानीकर्तालाई सबैभन्दा धेरै लाभांश दिनेमा युनिलिभर अग्रस्थानमा छ।

विख्यात बहुराष्ट्रिय कम्पनी आएपछि विश्वभरि नेपालको राम्रो सन्देश प्रवाह भयो। अरू लगानीकर्तालाई पनि प्रोत्साहन मिल्यो। क्रमशः अरू बहुराष्ट्रिय कम्पनीले पनि नेपालमा चासो देखाउन थाले। यसैक्रममा ०४६ सालमा प्रजातन्त्र आयो। ०४८ सालमा बनेको खुला बजार अर्थनीति अवलम्बन गरियो। देशमा लाइसेन्सराज समाप्त भयो। र, सबैले निर्बाध व्यापार व्यवसाय गर्न पाउने भए। बैंक, इन्स्योरेन्स, शिक्षा, स्वास्थ्य, टेलिकमदेखि व्यापारसम्म निजी क्षेत्र मौलाउन पायो। र, धमाधम बहुराष्ट्रिय कम्पनी पनि भित्रिन थाले।

अहिले विश्वकै प्रख्यात मल्टिनेसनल कम्पनी नेपाल आइसकेका छन्। हस्पिटालिटी क्षेत्रमा बहुराष्ट्रिय चेन होटेल ब्रान्ड भित्रिन प्रतिस्पर्धा गरिरहेका छन्। डेढ दर्जन होटेल ब्रान्ड नेपाल भित्रिसकेका छन् भने अझै एक दर्जन ब्रान्ड भित्रिने तयारीमा छन्। अहिले म्यारियट इन्टरनेसनल, इन्टरकन्टिनेन्टल होटेल ग्रुप (आइएचजी), हिल्टन, ज्याडिसन, ताजजस्ता चेन होटेल नेपालमा कार्यरत छन्। सूर्य नेपाल, डाबर नेपाल, कोकाकोला, पेप्सी, विभिन्न लिकर ब्रान्डले नेपालमै उद्योग खोलिसकेका छन्। र, राम्रो मुनाफा पनि कमाइरहेको देखिन्छ।

बरु राजनीतिक र नीतिगत अस्थिरताका कारण देशमा काम गर्ने वातावरण भने त्यति सन्तोषजनक छैन। लगानीका लागि पुराना ऐन-कानुन बाधक बनेका छन्। देशमा लगानीको वातावरण बनाउन ऐन-कानुन सुधार आवश्यक छ। अनुकूल ऐन-कानुन भएमा भइरहेकै बहुराष्ट्रिय कम्पनीले लगानी थप्छन्। र, नयाँ पनि आउँछन्।

हामीले पर्यटनमा धेरै फड्को मारेका छौं। होटेल रिसोर्टमा ठूलो लगानी भएको छ। विश्वका हाई एन्ड होटेल ब्रान्ड पर्यटकलाई सेवा दिन आएका छन्। तर, अपेक्षित मात्रामा पर्यटक आउन सकेका छैनन्। निजी क्षेत्रले लगानी ओइरaएको छ, तर सरकारले भएकै एयरपोर्ट चलाउन सकेन। सडक जताततै भत्काएर राखेको छ। निर्माणमा ढिलाइ भइरहेको छ। प्रधानमन्त्री पुष्पकमल दाहालले हालै देशवासीका नाममा सम्बोधन गर्दै काम गर्ने दृढता प्रकट गर्नुभएको छ। बोलेको काम गर्नुहोस्। अब लक्ष्य प्राप्तिमा सरकार र निजी क्षेत्र हातेमालो गरी अगाडि बढ्नैपर्छ। हामीले प्रधानमन्त्री अध्यक्ष रहेको 'इन्डस्ट्री एन्ड ट्रेड प्रमोसन डायलोग काउन्सिल' बहुराष्ट्रिय कम्पनीका तर्फबाट सुझावहरू दिएका छौं। सरकारले ती सुझाव कार्यान्वयनमा तदारुकता देखाउनुपर्छ। त्यसो भएमा बहुराष्ट्रिय कम्पनीलाई थप लगानी गर्न मद्दत नै पुग्नेछ।

● नवीन अर्याल

पर्यटन



गुमनाम गुप्तेश्वर

मकवानपुरको कैलाश गाउँपालिका भौगोलिक रूपमा निकै विकट छ। तर, प्राकृतिक सुन्दरता र रोमाञ्चक यात्रा गर्न मन पराउँनेहरूका लागि यो पालिका निकै आकर्षक हुन सक्छ। कैलाश गाउँपालिका धार्मिक र पर्यटकीय हिसाबले पनि अति महत्त्वपूर्ण छ।

कैलाशको वडा नम्बर १ र २ को सिमानामा रहेको गुप्तेश्वर गुफाले धेरैको मन लोभ्याउन सक्छ। तर, भौगोलिक विकटता र प्रचार-प्रसारको अभावमा यो धार्मिक र ऐतिहासिक गुफा ओझेलमा परेको छ। वडा नम्बर १ स्थित छ्याङदुङबाट उत्तरपूर्वतर्फ घट्टेखोलाको किनारमा रहेको उक्त गुफा कैलाश डाँडा र वैकुण्ठ (विष्णुकुण्ड)को फेदीमा अवस्थित छ। यो गुफा यहाँका स्थानीयका लागि ऐतिहासिक र धार्मिक रूपमा महत्त्वपूर्ण रहेको गाउँपालिकाका अध्यक्ष लोक मोक्तान बताउँछन्।

करिब दुई सय मिटर लामो गुफाभित्र धाराबाट जल झरेर शिवलिंगमा अर्पण भएको देख्न सकिन्छ। घुमाउरो सुरुङमा हातखुट्टा टेकेर निहुरिएर मात्र प्रवेश गर्न सकिने गुफाको भित्री भागमा दुईवटा कोठा छन्। गुफाभित्र हीराजस्तो चम्कने ढुंगा छ भने शिवलिंग, हात्तीको सुँड, कलात्मक मादल, चिल, खेतका गह्रालगायत फूलका आकृति पनि देख्न सकिन्छ।

महादेव गुप्तवासका लागि लुक्दै जाने क्रममा खोलाखर्क र वैकुण्ठको बीच सिमानामा पर्ने फुलढुंगास्थित उक्त गुफामा पुगेको कथन स्थानीय सुनाउँछन्। महादेव लुकेको गुफा भएकाले उक्त गुफालाई गुप्तेश्वर नामाकरण गरिएको स्थानीयवासीको भनाइ छ। गुफाभित्र तपस्यास्थल, केही मन्दिर र मूर्तिजस्ता आकृति पनि देख्न सकिन्छ। शिवलिंगमा निरन्तर गुफाको माथिल्लो भागबाट खस्ने जलधाराले उक्त क्षेत्रलाई मनमोहक बनाएको छ।

सुरुङको माथिल्लो भागमा मादलजस्ता आकृति छन्। सेतो पदार्थले बनेका ती मादलजस्ता आकृतिलाई हातले ठुँदा मादलको जस्तै आवाज निस्कन्छ, जुन यस गुफाको अर्को रोमाञ्चक र आकर्षक भाग हो। गुफाभित्र प्रवेश गर्दैगर्दा ढोकाको आकृति रहेको प्रवेशद्वार पार गरेपछि सानो हात्तीको आकृति र केही देवीदेवताका मूर्तिका आकारसँगै गुफाको माथिल्लो भागको आकर्षक बनोट देख्न सकिन्छ। गुफाभित्र देखिएका विभिन्न स्वरूपका आकृतिलाई स्थानीयले लामो समयदेखि दैवीशक्तिको स्वरूप ठानी पूजाअर्चना गर्दै आएका छन्।

गुफाको अन्तिम भागको तलतिर मानिस छिर्न नसक्ने सुरुङ छ भने माथिल्लो भागमा घुमाउरो सुरुङ छ। उक्त क्षेत्रलाई स्वर्ग जाने बाटो अर्थात् स्वर्गद्वारी नामाकरण गरिएको छ। सो सुरुङमा प्रवेश गर्न निकै कठिन छ। गुफाको शिरबाट उत्तरतर्फ हेर्दा भने आकर्षक हिमशृंखला देख्न सकिन्छ। गुफाको बाहिर सङ्लो झरना, आडैमा रहेको मन्दिर र गुफाको वरपरबाट देखिने खोला खर्कको मनमोहक दृश्यले गुप्तेश्वर गुफालाई थप आकर्षक बनाएको छ। बागमती प्रदेशको राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौंबाट दुईवटा रुट प्रयोग गरेर उक्त गुफासम्म पुग्न सकिन्छ। यस्तै, चितवन र धादिङतर्फबाट पनि गुफासम्मको यात्रा गर्न सकिन्छ। काठमाडौंबाट धादिङको गल्छी हुँदै गजुरी र गजुरीबाट कैलाश डाँडासम्मको करिब २० किलोमिटरको कच्ची सडकको यात्रापछि गुप्तेश्वर गुफा पुग्न सकिन्छ भने हेटौंडाबाट मनहरी हुँदै करिब ६० किलोमिटरको दूरी पार गरेपछि पनि उक्त गुफा पुगिन्छ।

● पोष्टराज अधिकारी

■ अनिल यादव

फिटनेसमा सचेत नेता

देश सञ्चालनको जिम्मेवारी बोकेका नेताहरू नै वेलाबखत अस्पताल भर्ना भएको र गम्भीर बिरामी भएको खबर सुनिरहनुपर्छ। तर, केही नेताहरू भने फरक छन्, जो दिनभर पार्टी काममा खटिए पनि बिहान-बेलुकाको समय भने 'फिटनेस'मा खर्चन्छन्।



विश्वप्रकाश शर्मा

न खानपिनको ठेगान, न सुत्न-उठ्नकै। व्यस्त जीवनशैलीलाई कारण देखाउँदै अक्सर नेताहरू भन्ने गर्छन्, 'देशलाई समय दिँदादिँदै आफ्ना लागि समय दिन पाइँदैन।' त्यसैले होला ढल्किँदो उमेरका शीर्ष नेताहरूलाई कुनै न कुनै रोगले गाँजेको छ। देश सञ्चालनको जिम्मेवारी बोकेका नेताहरू नै वेलाबखत अस्पताल भर्ना भएको र गम्भीर बिरामी भएको खबर सुनिरहनुपर्छ। अधिकांश शीर्ष नेताहरूमा उच्च मधुमेह, उच्च रक्तचापको समस्या छ। त्यहीकारण नेताहरूमाथि वेलाबखत प्रश्न उठ्ने गर्छ- 'आफ्नो शरीर 'फिट' राख्न नसक्नेले देशलाई कसरी फिट राख्न सक्छ ?'

तर, यही भिडमा केही नेताहरू भने फरक छन्, जो दिनभर पार्टी र जनताको बीचमा खटिए पनि बिहानको समय भने 'फिटनेस'मा खर्चन्छन्। आफूलाई फिट राख्न कोही जिमखाना धाउँछन्, कोही आफ्नै घरमा जिमखाना खोलेर एक्सरसाइज गर्छन्। शरीरबाट पसिना बगाउन फुटसल र टेबलटेनिस खेल्ने नेताहरूको पनि कमी छैन।

कांग्रेस महामन्त्री गगन थापा राजनीतिज्ञका लागि फिटनेस अरूका लागि भन्दा बढी आवश्यक ठान्छन्। आफूलाई फिट राख्न ४७ वर्षीय थापा कम्तीमा साताको चार दिन एकाध घन्टा जिमखानामा समय बिताउँछन्। उनले घरमै जिम गर्ने ठाउँ बनाएका छन्। उनलाई जिम गराउन घरमै आउँछन् ट्रेनर रक्षक श्रेष्ठ। कोभिडअघिसम्म उनी हप्तामा दुई दिन फुटसल पनि खेल्थे। अहिले उनी फुटसल जाँदैनन्। घरमै दिनको एक घन्टा उनी जिम गर्छन्। तौलदेखि कार्डियोसम्मको अभ्यास गर्छन्। 'मेरो घरमा ठूलो स्पेस छैन, सानो ठाउँ छ, तर मज्जाले पुग्छ,' थापाले भने, 'बाहिर नेता कार्यकर्ता भेटघाटमा आएका वेलामा ब्रेक हुन्छ। तर, रुमभित्रै आधा-एक घन्टा व्यायाम गर्न पनि केही समस्या हुन्न।'

थापाले आफू स्वास्थ्यमन्त्री हुँदा एउटा 'म स्वस्थ, मेरो देश स्वस्थ' अभियान नै चलाएका थिए। अभियानको उद्घाटनमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाललाई रंगशालाबाट वसन्तपुरसम्म मार्च पास गराएका थिए। थापाको अनुभवमा राजनीतिज्ञहरूले आफूलाई माया गरेको कुरा सकेसम्म जनतासँग लुकाउन खोज्छन्। 'मैले आफ्नो हेल्थका बारेमा केयर गर्नु भनेको मलाई माया गर्नु हो,' थापा भन्छन्, 'मान्छेले आफूलाई माया गरेको कुरा सकेसम्म लुकाउन खोज्छ, अझ खासगरी राजनीतिज्ञले। उनीहरू मसँग समय नै हुँदैन, भ्याउँदिनँ भन्छन्। तर, मलाई चाहिँ मान्छेले आफूलाई माया गर्न सक्यो भने मात्रै अरूलाई माया गर्न सक्छ भन्ने लाग्छ।'

थापाको बुझाइमा नेताको जीवनशैली अरूको भन्दा बढी तनावपूर्ण हुन्छ। 'नेताको खानपिनको ठेगान हुन्न, सुत्नको ठुंगो हुन्न, काम जागिरजसरी घन्टामा सीमित हुँदैन,' थापा भन्छन्, 'त्यसैले नेतालाई फिटनेस बढी आवश्यक देख्छु। अर्को कुरा, सार्वजनिक व्यक्तित्व भएका नाताले हाम्रो जीवनशैलीलाई मान्छेले नियालिरहेका हुन्छन्। हाम्रो जीवनशैलीले आमजनतालाई प्रेरणा दिन सक्छ, प्रचारको काम गर्न सक्छ। त्यसकारण पनि फिटनेसप्रति सचेत हुनु हाम्रो बढी कर्तव्य होला।'

थापा व्यायामले मानसिक र शारीरिक रूपमै आफूलाई स्वस्थ बनाउन मद्दत गरेको बताउँछन्। 'बिहान आफ्नो फिटनेसका लागि लगानी गरियो भने मानसिक रूपमा स्वस्थ भइने र स्वास्थ्यमा पनि बल पुऱ्याउने रहेछ,' थापाले भने, 'मैले बडी लिफ्टिङको च्याम्पियनसमेत रहेका जिम ट्रेनर सुकदेव कार्कीलाई भेटेपछि फिटनेस भनेको दौडिने कुरा मात्रै होइन रहेछ भन्ने बुझ्ें। निश्चित उमेरमा पुगेपछि ढाड दुख्ने, हड्डी खिइनेलगायत समस्या आउँछन्। यसको कारणचाहिँ हामीले हाम्रो शरीरको मांसपेशीहरूमा ध्यान दिएका हुँदैन रहेछौं। खालि हामी दौडिने काम मात्रै गर्छौं, तर मांसपेशी कमजोर बन्दै गइरहेको पत्तै हुन्न। त्यसैले जिम भनेको ठुल्ठूलो शरीर बनाउन र सिक्सप्याकका लागि मात्रै होइन, आफ्नो स्वास्थ्यका लागि पनि हो भन्ने सिकायो।'

थापाको पहलमा उनी बस्ने काठमाडौं वडा नम्बर ३० को स्वास्थ्य केन्द्रमा फिटनेस क्लिनकि नै राखिएको छ। साताको एक दिन त्यहाँका बासिन्दा आफ्नो विभिन्न समस्या लिएर फिटनेससम्बन्धी टिप्स लिन त्यहाँ पुग्ने गर्छन्।

कांग्रेसकै अर्का महामन्त्री विश्वप्रकाश शर्मा पनि बिहान आधा घन्टादेखि ४५ मिनेटसम्म पसिना बगाउन स्वस्थ जीवनका लागि आवश्यक ठान्छन्। उनी हरेक बिहान ४५ मिनेटसम्म योग गर्छन्। व्यस्तताका बाबजुद पनि हप्तामा दुई दिन रविभवन पुगेर फुटसल खेल्छन्। फुटसलमा डिफेन्स खेल्ने शर्मा कहिले साइक्लिङ, कहिले मर्निङ वार्क पनि गर्छन्। 'हरेक बिहान पसिना बगाउनु स्वस्थ जीवनका बाँच्न चाहनेका लागि आवश्यक हो,' शर्मा भन्छन्, 'मलाई सधैं पसिना बगाउँदै गर्दा स्फुर्ती महसुस हुन्छ। बाहिरी जिल्लामा जाँदाचाहिँ हिँड्ने र योग गर्ने गर्छु। हरेक बिहान म नुहाइधुवाइ गरेपछि १०-१५ मिनेट ध्यान गर्छु। त्यसपछि पूजा गर्छु, शंख फुक्छु। मस्तिष्कसँग जोडिने भएकाले ध्यान पनि एकप्रकारको व्यायाम नै हो। त्यस्तै शंक फुक्दै गर्दा अध्यात्मिक रूपले मन, शारीरिक रूपले फोक्सोलाई मद्दत पुऱ्याउँछ।'

टिकटक पछ्याउने जनमत पार्टीका अध्यक्ष सिके राउतलाई 'वार्क' गरेको पक्कै देखेको हुनुपर्छ। वेलाबखत उनी स्वयं डाँडाकाँडा हिँडेको भिडियोहरू सामाजिक सञ्जालमा राख्ने गर्छन्। आफूलाई फिट राख्न उनी नियमित ध्यान गर्छन्, भ्याएसम्म दिनहुँ हिँड्छन्। 'मलाई वाकिङ साह्रै मनपर्छ,' राउत भन्छन्, 'फुर्सद मिल्नेबित्तिकै डाँडाकाँडातिर हिँड्न उक्लिहाल्छु। तर, काठमाडौं आएयता जगिडमा खासै जान पाइँदैन। त्यसैले घरमै ट्रेड मिल राखेको छु। त्यसमै वाक गर्छु।' तर, सप्ताहान्तमा भने डाँडातिर जाने गरेको उनले बताए। यसबाहेक उनी नियमित ३० मिनेट 'डायनामिक मेडिटेसन' समेत गर्छन्। 'ध्यान र वाकले मेरो जीवनमा राम्रो प्रभाव पारेको छ,' राउत भन्छन्, 'बिहान हिँडेपछि शारीरिक रूपमा फिट हुन मद्दत त पुग्छ नै सँगसँगै दिनभर मानसिक रूपमा फुर्तिलो र राम्रो महसुस हुन्छ। नहिँडेको दिन दिनभर अल्छी महसुस हुन्छ।'

६६ वर्षीय कांग्रेस नेता मीनेन्द्र रिजाल पनि फिटनेसप्रति निकै सचेत छन्। तर, श्रीमती अमेरिका गएकाले तीन-चार महिनायता उनको नियमित जिममा 'ब्रेक' लागेको छ। श्रीमतीसहित जिम जाने बानी परेका उनी अब अर्को साताबाट पुनः जिमखाना धाउने तयारीमा छन्। यसअघि मेरियट, रेडिसन र एभरेस्ट होटलभित्रको जिमखाना जाने गरेका उनी अब नयाँ क्लब जाने तयारीमा छन्। बीच-बीचमा 'ब्रेक' भए पनि रिजालले जिम जान थालेको २५ वर्ष भयो। 'मेरो गज्जबै लाइफस्टाइल पनि होइन, खानपिनमा धेरै बारेर बस्ने पनि होइन,' रिजालले भने, 'त्यसका बाबजुद मलाई जिमले धेरै मद्दत गरेको छ। शारीरिक रूपमा राम्रो भएको छ। खानपिनमा पनि सचेत भइने रहेछ।'

रिजालले पछिल्लो दुई वर्षमा आफू धेरै फरक भएको महसुस गरेका छन्। 'रक्षामन्त्रीबाट राजीनामा दिएपछि र चुनावमा टिकट पनि नपाएपछि म आफ्ना लागि समय दिन पाएको छु,' रिजालले भने, 'पहिलेजस्तो बाहिर त्यति हिँड्दिनँ पनि। धेरै मान्छे भेट्दिनँ पनि। त्यसकारण पनि आफ्नो शरीरलाई समय दिन पाएको छु।'

राष्ट्रिय स्वतन्त्र पार्टी रवि लामिछाने पनि घरमा रहेका वेला आफूलाई फिट राख्न नियमित स्ट्रेचिङ र पुसअप गर्छन्। 'उहाँ बिहान सधैं साढे ६-७ बजेतिर उठ्नुहुन्छ,' लामिछानेकी पत्नी निकिता पौडेलले भनिन्, 'त्यसपछि बिहान सधैं तीन कपजति चिया पिउनुहुन्छ। घरमै स्ट्रेचिङ र पुसअप गर्नुहुन्छ। एक-डेढ घन्टा त दैनिक समाचारको अपडेट लिन सोसियल मिडिया र पत्रपत्रिकामा नै समय बिताउनुहुन्छ। बाहिर यात्रा गरिरहनेले मर्निङ वाकचाहिँ गर्नुहुन्न। त्यस्तै दिनभरको थकान र तनावबाट मुक्त हुन र माइन्ड फ्रेस बनाउन राति सुत्नुअघि कमेडियन सो हेर्न खुब रुचाउनुहुन्छ।'

त्यस्तै माओवादी केन्द्रका युवा नेता तथा सांसद माधव सापकोटा पनि फिटनेसप्रति निकै सचेत छन्। पेप्सीकोला बस्ने उनी ९ वर्षयता नियमित जिम गरिरहेका छन्। कसरत गर्न उनी दिनहुँ नयाँबस्तीस्थित बागमती किनारमा रहेको दिव्या हस्पिटालिटी पुग्छन्। 'म बिहान सधैं साढे ४ बजे उठ्छु,' ४० वर्षीय सापकोटा भन्छन्, 'त्यसपछि साढे सातसम्म व्यायाम गर्छु। कहिले मर्निङ वाक गर्छु, कहिले सोना स्टिम। जिममा विशेषगरी कार्डियो गर्छु। म हरेक दिन तीन घन्टा पूर्णतः आफ्ना लागि समय दिन्छु।'

सापकोटा वेलावेला मर्निङ वाकमा पनि जाने गर्छन्। वाकिङ जाँदा चारदेखि पाँच किलोमिटर नियमित हिँड्छन्। क्लबमा नियमित एक घन्टा कार्डियो गर्छन्। 'म ८ वर्षदेखि नियमित एउटै क्लब गइरहेको छु,' सापकोटाले भने, 'त्यसपछि एक घन्टा सोना स्टिम बस्छु। दिनभर कामको थकान, तनाव हुन्छ, भोलिपल्ट बिहानै पसिना बगाएपछि त्यसले शरीरमै बेग्लै फ्रेसनेस ल्याउँछ। शारीरिक रूपमा त हुने नै भयो, मानसिक रूपमा पनि तन्दुरुस्त बनाउँछ, फुर्ती बढाउँछ। म पहिले नियमित मर्निङ वाक गर्थें, जाडोमा तुसारो र बर्खामा पानी परेर अवरोध आउने भएपछि जिमखाना जोइन गरेको हुँ।'

बढी व्यस्त हुने नेतालाई शारीरिक कसरतको अत्यन्तै आवश्यकता देख्छन् सापकोटा। 'जो बढी व्यस्त हुन्छ, जसले मानसिक र भौतिक दुवै रूपले श्रम गर्नुपर्छ, उनीहरूलाई फिटनेस बढी नै आवश्यकता हुन्छ,' सापकोटाले भने।

एकीकृत समाजवादीकी सचिव रामकुमारी झाँक्री आफ्नो शरीरलाई

साप्ताहिक

२१ पुस (शनिबार) - २७ पुस (शुक्रबार)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भमा सेयर कारोबारमा लगानी गर्दा पछि फाइदा हुने योग रहेको छ। आर्थिक र व्यावसायिक समस्या समाधान हुनेछन्। आम्दानी बढ्नाले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ। साताको अन्त्यमा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ। यात्रामा सावधानी पनि अपनाउनुपर्नेछ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

नयाँ सवारीसाधन जोड्ने योग छ। लगनशीलताले नाम, दाम र इनाम दिलाउन सक्छ। मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन कसिने सम्भावना छ। साताको अन्त्यमा महत्त्वपूर्ण जिम्मेवारी प्राप्तिको योग छ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

मनमा हर्ष, उमंग र उत्साह छाउनेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। मन लोभ्याउने पहिरनले अरूको नजर आफूमाथि पार्नेछ। लेनदेन र हिसाबकितामा सावधान नहुँदा बीचमा केही विवाद हुन सक्छ। सप्ताहान्तमा स्थिति अनुकूल हुनाले लक्ष्यमा पुगिनेछ।

वृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ। मुद्दामामिलामा विजयी हुने योग रहेको छ। मित्रजनबाट साथ-सहयोग मिल्नुका साथै नयाँ कार्यको थालनी हुनेछ। सप्ताहान्तमा नयाँ सवारीसाधन खरिद-बिक्रीबाट लाभ मिल्नेछ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

अरूलाई प्रभावित पारेर काम बन्नेछन्। व्यापार व्यवसायबाट विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ। पारिवारिक भेटघाटको समय छ। प्रतिस्पर्धीसमेत सहयोगीका रूपमा देखा पर्नेछन्। विभिन्न भौतिक साधन जुट्नेछन्।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

शुभ समाचार सुन्न पाइएला। नयाँ कार्यको थालनी हुन सक्छ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। आम्दानी पनि प्रशस्तै बढ्न सक्छ। सहयोगीहरूले सकेको सहयोग गर्नेछन्। सप्ताहान्तमा स्वास्थ्यमा मौसमी गडबडी देखापर्न सक्छ।

शीर्ष नेताको फिटनेस


प्रचण्ड–ओली समानता : टेबल टेनिस खेल्छन्, मर्निङ वाक गर्छन्


गगन थापा


पुष्पकमल दाहाल प्रचण्ड


केपी ओली




रामहरि खतिवडा


माधव सापकोटा


राजेन्द्र महतो

रोगले गाँजेपछि जीवनको उतरार्द्धमा शीर्ष नेताहरूको फिटनेसमोह बढेको छ । धेरैजसो शरीरबाट पसिना बगाउन र स्फुर्ती जगाउन भ्याएसम्म नियमित मर्निङ वाक गर्छन् । कतिपयले बाहिर नधाए पनि घरमै 'जिमखाना' बनाएका छन् । कसरत हुन्छ भनेर केही नेताको खेलकुद मोह पनि उल्कै छ । यतिसम्मकी उनीहरूले घरमै टेबलटेनिस बोर्डसम्म बनाएका छन् ।

उच्च रक्तचाप र मधुमेहको समस्या खेप्दै आएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आफूलाई शारीरिक रूपमा तन्दुरुस्त राख्न हरेक दिन व्यायाम गर्छन् । प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यका अनुसार उनी हरेक दिन बालुवाटारस्थित प्रधानमन्त्री निवासमै रहेको जिमखानामा व्यायाम गर्छन् । 'उहाँ सधैं बिहान पाँच बजेअघि नै उठिसक्नुहुन्छ,' आचार्यले भने, 'लेखपढको काम छ भने तीन बजे नै उठ्नुहुन्छ । त्यसपछि हरेक दिन सुरक्षाकर्मीसँग आधा घन्टाजति टेबलटेनिस खेल्नुहुन्छ । त्यसपछि आधा घन्टाजति कि कुदनुहुन्छ, कि ट्रेड मिलमा हिँड्नुहुन्छ । कहिलेकाहीं निवासभित्रै आधा घन्टा हिँड्नुहुन्छ । त्यसपछि दुई गिलास ग्रिन टी पिउनुहुन्छ ।'

करिब डेढ-दुइ घन्टा व्यायाम गरेपछि सात बजेबाट भेटघाट सुरु हुने आचार्यले बताए । 'सात बजेपछि भेटघाट सुरु भइसक्छ,' उनले भने, 'व्यायामले उहाँलाई काम गर्ने ऊर्जा दिएको छ, स्फुर्ती बढाएको छ । बिहान ७ देखि राति ९ बजेसम्म निरन्तर खट्न सक्नुको एउटा कारण यो पनि हो ।'

दुवै मिर्गौला प्रत्यारोपण गराएका एमाले अध्यक्ष केपी ओली आफूलाई फिट राख्न नियमित कसरत गर्छन् । बालकोटस्थित घरमै टेबलटेनिस बोर्ड राखेका छन् । बिहान उठेपछि हल्का खालको व्यायाम गर्छन् । घरवरपर 'मर्निङ वाक' गर्छन् । 'उहाँ राति अबेरसम्म जागै बस्नुहुन्छ, कहिले त दुई-तीन बजे मात्रै सुत्नुहुन्छ,' ओलीका प्रेस संयोजक रामशरण बजगाईंले भने, 'बिहान उठ्न नपाउँदै घरमा भेट्न आउनेको भिड हुन्छ । त्यही पनि सकेसम्म दिनहुँ घरवरपर हिँड्नुहुन्छ । मान्छेहरूको चाप नभएका वेला टेबलटेनिस पनि खेल्नुहुन्छ ।'

एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालको पनि घरमै जिमखाना छ । उच्च रक्तचापसँगै मुटु र फोक्सोसम्बन्धी समस्या रहेका उनी बिहान साढे ५ बजे उठेर घरमै वाक गर्छन् । नेपालका स्वकीय सचिव नितेश पौडेलका अनुसार नेपालको योगप्रेम अलि बढी छ । 'पहिल्यैदेखि नै उहाँ दिनुहुँ एक घन्टा योग गर्नुहुन्छ,' उनले भने, 'मेडिटेसन पनि गर्नुहुन्छ । घरमै ट्रेड मिल छ, त्यहाँ हिँड्नुहुन्छ । उहाँको जीवनमा योगले सबैभन्दा राम्रो गरेको अनुभव छ ।'


रामकुमारी झाँक्री


योगेश भट्टराई

तन्दुरुस्त राख्न नियमित जिम धाउने नेतामा पर्छिन् । यद्यपि अहिले भने नियमितताका ब्रेक लागेको छ । तर, शंखमूलमा बस्ने उनी काठमाडौंमा भएका वेला भ्याएसम्म जिम गइरहन्छिन् । तीनकुनेस्थित आरुषी क्लब उनले धाउने जिमखाना हो । 'पहिले-पहिले बागमतीको किनारमा मज्जाले ११ किलोमिटर राउन्ड लगाइन्थ्यो,' झाँक्री भन्छिन्, 'कोरोना आएपछि त्यसरी दौडिन पाइएन । मेरो घरबाट नजिक छ, बागमती किनार र यूएन पार्क, त्यसैले हिँड्न र दौडन समस्या छैन । यसबाहेक उनी नियमित योग पनि गर्छिन् । 'मैले ०६२/०६३ को आन्दोलनमा जेल परेका वेला नै रामदेवको योग सिकेको हो,' ४६ वर्षीया झाँक्रीले भनिन्, 'त्यसैले सधैं रामदेवको योगविधि अपनाउँछु । मैले विपश्यना पनि गरेको छु तर अहिले नियमित गर्न सकेकी छैनँ । टाउको दुख्ने समस्या भएर मेडिटेसन मेरा लागि उपचार विधि नै भयो ।'

जसपा प्रमुख सचेतक प्रदीप यादव आफूलाई फिट राख्न खानपिनदेखि व्यायामसम्म सचेत छन् । उनी नियमित करिब आधा घन्टा 'मर्निङ वाक' गर्छन् । 'म कहिले काठमाडौं, कहिले वरगन्ज हुन्छु,' उनले भने, 'व्यस्त हुने भएकाले व्यायाम गर्न खासै फुर्सद पाइँदैन । तर पनि बिहान मिटिङ र महत्त्वपूर्ण काम भएको दिनबाहेक प्रायः नियमित आधा घन्टा घरआसपास 'मर्निङ वाक'चाहिँ गर्छु । मेरो खानपानमा पनि नियन्त्रण छ । जाँडरक्सी केही खान्नँ । बिहान हिँडेपछि दिनभर फुर्ती जागेको महसुस हुन्छ । काम गर्न जाँगर बढ्छ ।'

रास्वपाकी 'फुर्तिली नेता' भनेर चिनिने सांसद सुमना श्रेष्ठ घुँडामा चोट लागेयता व्यायाम गर्न सकिरहेकी छैनन् । तर, नियमित ध्यान र योग भने गर्छिन् । 'म नियमित कम्तीमा १० मिनेट ध्यान गर्छु । हप्तामा केही घन्टा योग पनि गर्छु,' श्रेष्ठले भनिन्, 'म कुनैवेला फुटबल खेल्थेँ, बक्सिङ खेल्थेँ, हाफ म्याराथन गर्थेँ । तर, घुँडामा चोट लागेपछि राम्ररी केही गर्न थाल्यो भने दुख्छ । अलिअलि व्यायाम गऱ्यो भने शारीरिक रूपमा हलुको महसुसचाहिँ हुन्छ । त्यस्तै नियमित ध्यान गऱ्यो भने आफ्नो उतारचढावलाई व्यवस्थापन गर्न सकिने मेरो अनुभव छ ।'

> आफूलाई फिट राख्न कोही जिमखाना धाउँछन्, कोही आफ्नै घरमा जिमखाना खोलेर एक्सरसाइज गर्छन् । शरीरबाट पसिना बगाउन फुटसल र टेबलटेनिस खेल्ने नेताहरूको पनि कमी छैन ।

नागरिक उन्मुक्ति पार्टीकी अध्यक्षसमेत रहेकी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रन्जिता श्रेष्ठ र उनका श्रीमान् नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशमलाल चौधरी दुवै पुलचोकस्थित मन्त्री क्वार्टरभित्र बस्छन् । मन्त्री श्रेष्ठका अनुसार दुवैजना हरेक बिहान ५ बजे उठेर करिब एक घन्टाजति योग गर्छन् । त्यसपछि क्वार्टरभित्र एक घन्टा 'मर्निङ वाक' गर्छन् । 'त्यसपछि उहाँ (रेशम) जिम पनि जानुहुन्छ । मचाहिँ वेलावेला मात्रै पुग्छु । व्यायामले स्वास्थ्यलाई राम्रो बनाउन मद्दत गरेको छ ।'

कांग्रेस नेता तथा सांसद रामहरि खतिवडालाई लाग्छ, 'आफ्नो स्वास्थ्य बनाउन नसक्नेले देशको स्वास्थ्य बनाउँदैन ।' उमेर ५२ वर्ष पुगिसक्दा पनि उनी उस्तै तन्दुरुस्त देखिन्छन् । बिहान सधैं ५ बजे उठ्छन् । १५ मिनेटजति योग गर्छन् । त्यसपछि दुई गिलास हट लेमन र एक कप मिल्ककफी पिएपछि सधैं लाजिम्पाटस्थित च्याडिसन होटेलमा रहेको क्लब पुग्छन् । फुर्सद मिले एक घन्टा नभए २० मिनेटसम्म पनि उनी जिम गर्छन् । बिहान नभ्याउँदा बेलुका भए पनि जान्छन् । अति व्यस्त हुँदा क्लब पुगेर ज्याकुजीमा बसेर भए पनि पसिनाचाहिँ निकाल्छन् । 'फिट रहन दैनिक पसिना त निकाल्नैपर्छ,' राज्य व्यवस्था तथा सुशासन समितिका सभापतिसमेत रहेका खतिवडा भन्छन्, 'पसिना निकाल्न कहिलेकाहीं स्विमिङ पनि गर्छु । क्लबबाट फर्किएपछि नुहाइधुवाइ गरेर खाना खाएर नियमित कर्ममा फर्कन्छु । नियमित व्यायाम गर्ने भएर होला, आजसम्म मैले कुनै औषधी खाएको छैन । थाहा पाउने गरी बिरामी पनि भएको छैन । ०७४ मा चुनाव हारेयता त्यही एउटा सामान्य प्रेसरको औषधिचाहिँ खान्छु ।'

उमेरले ६५ पुगेका लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो पनि आफूलाई फिट राख्न नियमित कसरत गर्छन् । हरेक बिहान साढे ६ बजेपछि उठ्छन् । नुहाइधुवाइ गरेपछि नियमित आधा घन्टा बाबा रामदेवको योग गर्छन्, प्राणायाम गर्छन् । भीमसेनगोलास्थित आफ्नै घरको एउटा कोठामा उनको जिमखाना छ । घरकै जिमखानामा ट्रेडमिल राखिएको छ, जहाँ उनी नियमित दौडिन्छन् । त्यसपछि डमबेल उठाउँछन्, भारतोलन गर्छन् । मधुमेह र प्रेसरको बिरामीसमेत रहेका महतो कहिलेकाहीं बिहान या साँझपख खाना खाइसकेपछि करिब एक घन्टा एयरपोर्ट हुँदै पशुपतिनाथ परिसरसम्म 'वाक' गर्छन् । 'व्यायाम नगरेको दिन साह्रै अल्छी महसुस हुन्छ,' महतो भन्छन्, 'व्यायाम गर्दा दिनभर फ्रेस भइन्छ । शरीरमै बेग्लै ऊर्जा आइरहेको हुन्छ ।'

एमालेका सचिव योगेश भट्टराई पनि फिटनेसमा खुब ख्याल गर्ने नेतामा पर्छन् । काठमाडौंमा भएका वेला नियमित जिम धाउँछन् उनी । जिमखाना पुगेर पुसअप, चेनअप, पुलअप हुँदै डम्बेलसम्म उठाउँछन् । लकडाउन हुनुअघि उनले दुई वर्षसम्म डान्सको व्यायाम गर्न डान्स क्लाससमेत जोइन गरेका थिए । २४ घन्टामध्ये दिनमा एक घन्टा आफ्नो शरीर र स्वास्थ्यमा ध्यान दिए, २३ घन्टा स्वास्थ्यले आफूलाई साथ दिने उनको विश्वास छ ।

राशिफल



सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

साताको प्रारम्भमा व्यावसायिक यात्राको सम्भावना रहेको छ । वैदेशिक यात्रामा गरिएको लगानीबाट हानि-नोक्सानीको योग छ । सप्ताहान्तमा भाग्यले साथ दिनेछ । सहयोगीहरू जुट्नाले नाम, दाम र इनाम हात पार्न सफल भइनेछ । नयाँ मित्रताबाट भरपूर साथ मिल्नेछ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

अनावश्यक झमेलाबाट बचेर काम गर्नुपर्नेछ । वैदेशिक सहयोग मिल्नुका साथै सफल यात्राको योग रहेकाले सोचेअनुसार फाइदा पुग्नेछ । सप्ताहान्तमा विद्यार्थीका लागि सुखद समाचार आउला । शैक्षिक यात्राको प्रक्रिया अघि बढ्नेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आर्थिक पक्ष परिनेछ । राजनीतिक कार्यमा बाधा आउनेछ । सम्पत्ति हराउने र साँझमा खर्च बढ्न सक्छ । नयाँ ज्ञान प्राप्त हुने योग छ । सप्ताहान्तमा आगन्तुकले अलमल्याउने हुँदा चिताएको काममा पनि बाधा पुग्न सक्छ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

राजनीतिक कार्यमा सफलता मिल्नेछ । महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । साताको मध्यमा दबाब र तनाव बढेको महसुस हुनेछ । सोचेअनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । सप्ताहान्तमा रमाइलो यात्रा र अतिरिक्त आम्दानी हुनेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

धनार्जनका नयाँ स्रोत पत्ता लाग्नेछन् । नयाँ कार्यको थालनी हुनेछ । प्रशंसकहरूले साथ दिनेछन् । बिहीवारदेखि अलि जोखिमपूर्ण जिम्मेवारी प्राप्त हुनाले सावधानीका उपाय अवलम्बन गर्नुपर्ला । महत्त्वपूर्ण सूचना चुहावट हुन सक्छन् ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

प्रशस्त धन आर्जन गर्ने अवसर पाउनुहुनेछ । उठ्नुपर्ने रकम हातलागी हुने समय छ । अवसरका लागि चुनौतीसँग लड्नुपर्ने देखिन्छ । बिहीवारदेखि श्रम र व्यवसायबाट मनग्य आम्दानी हुनेछ । तर, सप्ताहान्तमा पछिका लागि खर्च पनि गर्नुपर्ला ।

सन्तोषको सपना


खेल
• सन्तोष घर्ती, फुटबलर

१७ वर्षीय सन्तोष घर्ती फुटबलका डिफेन्डर हुन् । तम्घासको चिदिचौर खेल मैदानमा सञ्चालित 'फोर्टिन स्टार कप' जिल्लास्तरीय छात्र फुटबल प्रतियोगितामा उनले सबैको ध्यान खिचे । मालिका गाउँपालिका-८ को मालिका माविको कक्षा १० मा पढ्ने सन्तोषको एउटा हात छैन । तर, खेल हेर्ने दर्शकलाई उनको एक हात नभएर पनि उत्कृष्ट फुटबल खेलिरहेका सन्तोष घर्ती भन्छन्, 'म दर्शकलाई हातभन्दा खेल देखाउन चाहन्छु'

एउटा हात छैन भन्ने पत्तो नै हुँदैन । खेलका दौरान अरू खेलाडी र उनमा केही फरक देखिँदैन । उत्कृष्ट खेल प्रदर्शनबाट उनले निकै तारिफ पाइरहेका छन् ।

सन्तोष सानैबाट फुटबलमा रुचि राख्थे । सन्तोष हरेक दिन साँझ गाउँमै साथीहरूसँग फुटबल खेल्छन् । उनी समूहको कमजोर पात्र नभएर भरोसा नै हुन् । सन्तोषको आत्मबल निकै उच्च देखिन्छ । 'खेलमैदानमा पसेपछि ऊर्जा प्राप्त हुन्छ । कहिल्यै आफूलाई कमजोर ठानेको छैन,' उनले भने, 'खेल्दा इमानदार र अनुशासित भएर खेल्ने प्रयास गर्छु ।'

गाउँमा सन्तोषलाई कमजोर सोच्नेहरू नभएका होइनन् । तर, सपना, आत्मबल तथा स्कुल, साथीभाइ र परिवारको साथले उनी खेलिरहेका छन् । सन्तोष पहिले हात छोप्न ज्याकेट लगाएर खेल्थे । तर, अहिले एन्फाको नियमका कारण हाफ टिसर्टमा खेलिरहेका छन् । 'म दर्शकलाई हातभन्दा खेल देखाउन चाहन्छु,' उनले भने, 'जिल्लास्तरीय खेलमा सबैले मेरो हात देखे । मलाई अर्कै महसुस भए पनि विचलित नभई खेलें ।'

सन्तोषलाई बिद्यालयले पनि राम्रो हौसला दिइरहेको छ । अहिलेसम्म दुइटा जिल्लास्तरीय खेलमा सन्तोषले भाग लिए । एन्फाका रेफ्रीहरू भएकाले सन्तोष सहभागी गराउन नपाइने र आफ्नो टिम कमजोर हुने हो कि भन्ने विद्यालयलाई चिन्ता थियो । तर, त्यस्तो भएन । सौहार्दतापूर्ण रूपमा मालिका मावि र रिडी माविबीच प्रतिस्पर्धा चल्यो । अन्ततः रिडी माविलाई पराजित गरेर सन्तोषहरूको समूह क्वार्टर फाइनलमा प्रवेश पायो । खेलमा सन्तोषको विश्वास देखेर आफू पनि प्रभावित भएको मालिका माविका खेल शिक्षक तीर्थबहादुर शाहीले बताए । 'सन्तोषको विश्वास र इमानदारिताका कारण मैले उसलाई निरन्तर हौसला दिएको छु । सन्तोष खेल्न र पढ्न दुवैमा राम्रो विद्यार्थी हो,' उनले भने, 'खेलमा हारजित स्वाभाविक छ । तर, सहभागिता ठूलो कुरा हो ।' राम्रो क्लबमा खेल्न पाए सन्तोषले राम्रो गर्न सक्ने शिक्षक शाहीले बताए ।

● टोपलाल अर्याल

त्यसपछि कर्णालीबाट एमालेमा विद्रोह सुरु भयो

हामीले प्रतिगमनविरुद्ध व्यवस्था र संविधानको रक्षाका लागि विद्रोह गरेका थियौं



त्यो क्षण

• प्रकाश ज्वाला, भौतिक पूर्वाधार तथा यातायातमन्त्री

०७७ पुस ५ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले संसद् विघटन गरेपछि तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा)मा हलचल आयो। सर्वोच्च अदालतले नेकपाको एकता खारेज गर्दै एमाले र माओवादीलाई ब्युँताइदियो। त्यहीवेला तत्कालीन एमालेको माधवकुमार नेपाल पक्षले कर्णालीमा विद्रोह गऱ्यो। त्यसको नेतृत्वकर्ता थिए-प्रकाश ज्वाला। कर्णाली प्रदेश सभामा ०७८ वैशाख ३ गते 'फ्लोर क्रस'पछि तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको पद जोगियो भने एमालेमा ओलीपक्षको सत्ता बहिर्गमन सुरु भयो। बदलामा तत्कालीन पोलिटब्युरो सदस्य ज्वालाले सांसद र अर्थमन्त्री मात्रै होइन, पार्टीको साधारण सदस्यसमेत गुमाए। तर, ज्वालाको राजनीति झन् चम्कियो। प्रतिनिधिसभामा ज्वाला निर्वाचित भए। एकीकृत समाजवादीका उपमहासचिव रहेका ज्वाला हाल नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायातमन्त्री छन्। उक्त विद्रोहलाई ज्वाला आफैंचाहिं कसरी हेर्छन् त ? **प्रेम गौतम**सँग ज्वालाले त्यो क्षण यसरी सम्झिए :

तत्कालीन दुईतिहाइको सरकारले गरेको प्रतिगमनविरुद्ध राजनीतिक दलहरू एकताबद्ध नभएको भए, संयुक्त आन्दोलनमा नहोमिएको भए व्यवस्था र संविधान संकटमा पर्थ्यो। हामीले त्यो एकताको जग निर्माण गरिदियौं। दलहरू मिल्नुपर्छ र एकताबद्ध भएर अगाडि बढ्नुपर्छ भन्ने सन्देश हामीले कर्णालीबाट दियौं। प्रतिगमनविरुद्ध समीकरण बन्यो। दलहरूबीचमा एकता भयो। सडक आन्दोलन भयो। अदालतमा पनि सँगै जाने स्थिति भयो। यदि, त्यो स्थिति हुँदैन थियो भने संविधान पनि संकटमा पर्थ्यो, व्यवस्था पनि संकटमा पर्थ्यो। र, देशमा ठूलो अराजकता आउन सक्थ्यो। प्रतिगमन जति हाबी हुँदै जान्थ्यो, क्रान्तिका उपलब्धि त्यति नै गुम्दै जान्थे। चाहे लोकतान्त्रिक गणतन्त्रको कुरा गरौं, चाहे, संघीयता, समावेशिता, धर्मनिरपेक्षता। सबै उपलब्धि गुम्न सक्ने ठूलो खतरा थियो। त्यो खतराबाट राष्ट्र जोगियो।

संविधानको रक्षाका लागि विद्रोह

विद्रोह जटिल नै हुन्छ। विद्रोह मान्छेले रहरले गर्दैन, कुनै आवेशमा आएर पनि गर्दैन। हामीले प्रतिगमनविरुद्ध, व्यवस्था र संविधानको रक्षाका लागि विद्रोह गरेका थियौं। क्रान्तिका उपलब्धिमाथि जुन खालले आक्रमण भइरहेको थियो, ती उपलब्धि जोगाउन, पार्टीभित्र विकसित निरंकुशता र अराजकताविरुद्ध हामीले विद्रोह गरेका थियौं। पार्टीमा जुन खालको गुटबन्दी थियो, अराजकता थियो, निरंकुशता थियो, त्यसविरुद्ध एउटा च्यानल त थियो नै, अर्कोतिर कूटनीतिक रूपमा अपिल पनि थियो त्यो। तर, नेतृत्वले सुन्ने कोसिस गरेन।

राष्ट्रिय राजनीतिलाई जुन ढंगले गलत दिशातिर लैजाने षड्यन्त्र भइरहेको थियो, हाम्रो विद्रोह त्यसविरुद्ध थियो। अर्कातिर कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाउने र बलियो पार्टीलाई कमजोर बनाउने जुन खालका गतिविधि भएका थिए, त्यसविरुद्ध पनि विद्रोह थियो।

विद्रोहपछि राष्ट्रिय राजनीतिमा एउटा तरंग आयो। प्रतिगमनका विरुद्धमा, निरंकुशताका विरुद्धमा, व्यवस्था र संविधानका पक्षमा राजनीतिक दलहरू अझै एकताबद्ध भएर अगाडि बढ्ने, आन्दोलित हुने वातावरण बन्यो। हाम्रो विद्रोहले एउटा राष्ट्रिय माहोल बनायो। त्यसपछि राजनीतिक दलहरू प्रतिगमनविरुद्ध सडकमा उत्रिए। सर्वोच्च अदालतमा गए। अन्ततः प्रतिगमन पराजित भयो र हाम्रो विद्रोहको औचित्य साबित भयो।

कर्णालीबाटै विद्रोहको बिगुल

कुनै सुनियोजित योजना थिएन। हरेक हिसाबले पछाडि परेको/पारिएको कर्णालीबाटै प्रतिगमनविरुद्ध विद्रोहको बिगुल फुर्कौं भन्ने छलफल भयो। त्यो छलफलका आधारमा एउटा उद्घोष गर्ने गरी, राष्ट्रिय रूपमा अपिल गर्ने गरी विद्रोह गऱ्यौं।

हाम्रो विद्रोह हिवप उल्लंघनको विषय मात्रै थिएन। हामीले घोषणा गरेरै विद्रोह गरेका थियौं। हामी हाम्रो पद त्याग्न तयार भएका थियौं। क्रान्तिमा मान्छेले जीवन बलिदान गर्न तयार भए। अन्याय र अतिवादविरुद्ध घोषित रूपमा आफ्नो पदसमेत बलिदानी गर्ने गरी हामीले गरेको विद्रोह सामान्य संसदीय हिवपको घेराभित्रको विषय मात्रै थिएन। ठूलो सन्देश पनि थियो।

स्वाभाविक रूपमा पार्टीभित्रको गुटबन्दीविरुद्धमा, अराजकताको विरुद्धमा, निरंकुशताको विरुद्धमा हामी संघर्षरत थियौं। एमाले र माओवादी अलग भएपछि संघर्ष अझ चर्को भयो। जसरी केही नेताहरूले हिजो अलि चर्के स्वरमा पार्टीभित्रको निरंकुशताको विरुद्धमा, तानाशाहको विरुद्धमा बोल्नुभएको थियो, लड्नुभएको थियो, अन्तिममा उहाँहरूले खुट्टा कमाउनुभयो। विद्रोह गरौं, संघर्ष गरौं, अलग पार्टी नै निर्माण गरेर अगाडि बढौं भनेर चर्को स्वरमा गतिविधि गर्ने नेताहरू नै गल्नु भयो। त्यो उहाँहरूको कुरा भयो। तर, हामी गलेनौं। उहाँहरूले अन्तिममा खुट्टा कमाएपछि हाम्रो अभियानलाई स्वाभाविक रूपमा घाटा भयो। एउटा वेलामा आक्रामक रूपमा अगाडि आउने अनि ब्याक हुने प्रवृत्तिले हामीलाई दुःख नै लाग्यो।

हामीले आँटिलो र जोखिमपूर्ण कदम चालेका थियौं, हामी रोकिएनौं। लक्ष्य प्राप्तितर्फ अगाडि बढिरह्यौं। सत्यको पक्षमा, अन्यायको विरुद्धमा न्यायको पक्षमा झन्डा उठाएर विद्रोह गरेका हौं। त्यो विद्रोह गरेकोमा हामीलाई पछुतो पनि छैन। विद्रोहको औचित्य पुष्टि भएको छ।

पदका लागि थिएन विद्रोह

क्रान्तिमा लाग्दा हाम्रा कतिपय सहयोद्धाले ज्यानकै बलिदानी दिए। हामीले उपलब्धि रक्षाका लागि पदको बलिदान गऱ्यौं। भविष्यबारे चिन्ता गरेर हामीले निर्णय लिएनौं। पद, प्रतिष्ठा, फाइदा-बेफाइदा केही पनि हेरेनौं। आँट र हिम्मतले निर्णय गऱ्यौं। विद्रोह गरेपछि ६ महिने मन्त्री हुने मौका पनि थियो। राष्ट्रिय सभा सदस्य हुने मौका पनि थियो। तर, हाम्रो विद्रोह पद प्राप्तिका लागि थिएन, उपलब्धि रक्षाका लागि थियो। भएकै पद त्याग्न तयार भएर विद्रोह गरेको व्यक्तिले पदकै लागि चाहना राख्नु स्वाभाविक थिएन। हामीले पदका निम्ति दाबी पनि गरेनौं।

> क्रान्तिमा लाग्दा हाम्रा कतिपय सहयोद्धाले ज्यानकै बलिदानी दिए। हामीले उपलब्धि रक्षाका लागि पदको बलिदान गऱ्यौं। भविष्यबारे चिन्ता गरेर हामीले निर्णय लिएनौं। पद, प्रतिष्ठा, फाइदा-बेफाइदा केही पनि हेरेनौं। आँट र हिम्मतले निर्णय गऱ्यौं।

संविधानअनुसार प्रतिनिधिसभा निर्वाचन घोषणा भयो। गठबन्धनबाट सबैको सहयोगमा निर्वाचन लड्ने स्थिति भयो। मैले गरेको विकास निर्माणका काम, त्याग र निष्ठाको राजनीतिका कारण निर्वाचन त मैले जितिनै हाल्थें। पार्टीबाट मात्रै उम्मेदवार हुँदा पनि जित्ने कुरामा समस्या थिएन। गठबन्धनले नै उम्मेदवारको रूपमा अगाडि सार्दा निकै बलियो अवस्था भयो। दोब्बरभन्दा बढी मतले जितियो।

निर्वाचनपछि फरक गठबन्धन पनि बन्यो। पदकै निम्ति भए त, जुन गठबन्धन भए पनि मन्त्रीका लागि कुदाकुद हुन्थ्यो। तर, त्यो हामीले गरेनौं। हामीले एउटा निष्ठाका साथ विद्रोह गरेका थियौं। त्यसको मर्मविपरीतको गठबन्धनमा हामी सहभागी भएनौं। पछि फेरि कोर्स करेक्सन भयो। हामीले नै बनाएको, चुनावको वेलामा पनि कायम रहेको गठबन्धन ब्युँतियो। पार्टीले निर्णय गरेर हामीलाई सरकारमा पठाउने निर्णय गऱ्यो। हामी सरकारमा गयौं। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा इमान्दारितापूर्वक काम गरेको छु। तडकभडक नदेखिने गरी, प्रचारबाजी नहुने गरी, देश र जनताको पक्षमा दीर्घकालीन हितका काम कसरी गर्ने भनेर लागेको छु। यो त एउटा प्रक्रियामा प्राप्त भएको अवसर हो। यो अवसरलाई जनताको पक्षमा, राष्ट्रको पक्षमा कति उपयोग गर्न सकिन्छ, गरिन्छ।


छोएन घमन्डले

पद भनेको काम गर्दै जाँदा प्राप्त हुने केही अवसर हुन्। ती अवसरलाई देश र जनताको पक्षमा सदुपयोग गर्दै जानुपर्छ। जस्तो, म अहिले भौतिक पूर्वाधार तथा यातायातमन्त्री छु। मलाई त्यो प्राप्त भएकोमा असाध्यै धेरै के-के न प्राप्त भयो भन्ने पनि लागेन। मलाई कुनै पनि दिन घमन्ड बढेन। मैले अझ बढी दायित्वबोध गरैं। अझ बढी जिम्मेवारी बोध गरैं। यो सधैं रहने पद पनि होइन। मेरो समय, मेरो क्षमताले भ्याएसम्म मन्त्रालयको क्षेत्राधिकारभित्र परेका विषयमा जनतालाई कसरी सेवा दिन सकिन्छ, कसरी सुशासन दिन सकिन्छ भनेर लाग्ने हो। कसरी हिजो बिग्रेका, भत्केका गलत प्रवृत्तिलाई सच्याउन सकिन्छ। कसरी राम्रो नीति बनाउन सकिन्छ, सुशासन कायम गर्न सकिन्छ भन्ने हिसाबले क्रियाशील छु। यात्राको क्रममा अवसर पाएँ, त्यसलाई उपयोग गर्ने हो। हामीले राष्ट्र र जनताको नाममा शपथ खाएका छौं। त्यो जिम्मेवारी पूरा गर्नुपर्छ भन्ने जिम्मेवारीबोधले घचघच्याइरहेको छ।

छिट्टै आउन सक्छ नयाँ जेल साहित्यको लहर

न्यायप्रणालीलाई विरोधी आवाज दमनका लागि प्रयोग गर्ने शासनहरूले अन्जानमै उनीहरूले दबाउन खोजिरहेका चिजमध्ये एक 'प्रेरणा'लाई बढावा दिइरहेका हुन्छन्।

साहित्य



रोड्रिगो रे रोजा



२०औं शताब्दीको अन्त्यमा शक्तिशाली मानिसले तिनका प्रतिद्वन्द्वीलाई निसाना बनाउन कसरी न्यायिक प्रणाली प्रयोग गर्छन् भन्ने कुरालाई व्यक्त गर्न 'कानुन' र 'युद्ध'को संयोजनमा 'कानुनी युद्ध' पदावली आमप्रचलनमा आयो। यसले न्याय सुनिश्चित गर्ने जिम्मेवारी पाएकै संस्था बलशालीहरूको राजनीतिक उद्देश्य पूरा गर्ने औजारमा परिणत भएको तथ्यतर्फ संकेत गर्छ। न्यायिक युद्धमा प्रयोग हुने रणनीतिअन्तर्गत कुनै आधारविना मुद्दा लगाउने, मुद्दा चलाइएकाहरूलाई लामो समय कानुनी झमेलामा फसाइदिने, विरोधको आवाज उठाउनेहरूलाई बदनाम गर्ने गरी मिडिया अभियान सञ्चालन गर्ने, मिथ्या सूचना र अन्तर्राष्ट्रिय कानुनलाई लत्याएर हिँड्नेजस्ता हतकन्डा पर्छन्।

ल्याटिन अमेरिकामा पर्यावरण संरक्षणका लागि काम गर्नेहरू र आफू बसोवास गरिरहेको भूमि बहुराष्ट्रिय व्यवसायीहरूबाट कब्जा हुन नदिन लडिरहेका आदिवासीहरूको अपराधीकरण र जेल सजायले व्यापकता पाएको छ। ग्वाटेमालाका मेरो पुस्ताका लेखकका लागि संस्थागत भ्रष्टाचार र नश्लवादजस्ता राज्य-हिंसाले देशको इतिहासलाई चित्रण गर्दछ। यही विषयवस्तु हामी सबैले जीवनकालभरि अनिवार्यजस्तै भोग्दै र सुन्दै आएका छौं। मेरा प्रारम्भिक कथा र उपन्यास ग्वाटेमालाको हिंसात्मक वातावरणबीच हुर्के।

मेरा एकजना काका सन् १९८० को जनवरी ३१ मा दिनदहाडै ग्वाटेमालास्थित स्पेनी दूतावास कब्जा प्रकरणमा मारिए। उनीसँगै माया समुदायका नेताहरूको एक समिति नै जलाएर मारिएको थियो, जो ग्वाटेमालाको सेनाले तिनको गृहक्षेत्रमा गरेका गम्भीर मानव अधिकार उल्लंघनको शृंखलाको निन्दा गर्न राजधानी आएका थिए। ती दमनले माया इक्सिलको नरसंहारको सुरुवातलाई संकेत गर्नेछ। भर्खरै कब्जामा लिइएको दूतावासबाट फोन आएपछि, २० को हाराहारीका म र मेरी बहिनी मगली काकालाई मुटुको औषधि पुऱ्याउन गएका थियौं। काका दूतावासमा अन्तर्राष्ट्रिय न्यायिक सम्मेलनको आयोजना गर्ने क्रममा अनाहकमा बन्धक बनेका थिए।

राष्ट्रिय प्रहरीका अधिकारीले हालेको घेराले हामीलाई दूतावास भवनभित्र जानबाट रोक्यो। केही बेरअघि त्यहाँ आइपुगेका एक शीर्ष पत्रकारले हामीलाई प्रहरी दूतावासभित्र आक्रमणको तयारीमा रहेको चेतावनी दिए। त्यसको केही समयपछि हातहतियार बोकेको प्रहरीको एक समूह दोस्रो तलाको बाल्कोनीमा चढिरहेको देखियो। लगत्तै ठूलो विस्फोटको आवाज सुनियो र धुवाँको कालो मुस्लो झ्यालबाट बाहिर निस्कियो। दूतावासको ६० फिटभन्दा बढी टाढा रहेका हामीसम्म जलेको मासुको गन्ध आउन धेरै बेर लागेन।

३७ जना जलाएर मारिएको त्यो दिनको सम्झनाले मलाई अझै सताउन छाडेको छैन। एकपटक म यस्तो दुःस्वप्नबाट ब्युँझिएकी थिएँ, जसमा म काकाको जलेको शरीरबाट मासु निकाल्दै खाइरहेकी थिएँ। यस्तो लाग्यो, मभित्रको लेखक बन्ने इच्छाले आफूवरिपरिको हिंसालाई एकप्रकारको साहित्यिक खुराक बन्न सक्ने ठान्न थालेछ। प्राकृतिक संसारको विनाश र त्यससँगै जारी भ्रष्टाचार मेरो लेखनमा दोहोरिरहने विषय हुन्। स्पेनिस भाषामा छापिएको मेरो पहिलो उपन्यास 'लो क्वे सोनो सेबास्टियन (सेबोस्टियनले के सपना देख्छ)' आदर्शवादी सहरी युवक तथा वातावरणविद् सेबास्टियन सोसा र पेटेन जंगल मास्ने परिवारबीचको द्वन्द्वबाट सुरु हुन्छ। सोसाले आफ्नो मूल्य लागू गर्न खोज्दा ऊ र ऊ वरपरका मानिसका लागि विनाशकारी परिणामहरू निम्तिन्छ।

सन् १९८० को दशकको सुरु र मध्यमा, ग्वाटेमालामा माया इक्सिलको नरसंहारको केही समयपछि, शक्तिशाली जमिनदारहरूले जंगलको ठूला भाग काटेर त्यसै छाडिदिए। त्यो भूमि उखु र अफ्रिकी पाम (तेल) उब्जाउन र गाईवस्तुको चरनमा रूपान्तरण गर्न त्यसरी छाडिएको थियो। जनरल इफ्रेन रियोस मोन्टको शासनकालमा (जसलाई ३० वर्षपछि नरसंहार र मानवताविरुद्धको अपराधमा दोषी ठहराइयो), मेरी बहिनी मगलीले सेन्ट फ्रान्सिस, रेचेल कार्सन र चिफ सियाटलका लेखनहरूबाट प्रेरित भएर ग्वाटेमालाको पहिलोमध्येको एक पर्यावरणीय गैरसरकारी संस्था 'डिफेन्सोरेस डे ला नाटुरालेजा' स्थापना गरिन्। ऊ र उसका साथीहरूले मिलेर प्रभावशाली व्यक्तिहरूको समूहलाई देशका सबै भागमा संरक्षित क्षेत्र बनाउनुपर्ने आवश्यकताबारे बुझाए।

सन् १९८६ मा, सैन्य तानाशाहको लामो शृंखलापछि बनेको ग्वाटेमालाको पहिलो निर्वाचित सरकारले देशको प्राकृतिक भण्डारहरूको शोषणलाई निषेध गऱ्यो। वन क्षेत्रलाई पहिलेदेखि फर्निचर उद्योग र कागज कम्पनीको विकासका लागि अनिवार्य ठानिन्थ्यो। फलस्वरूप, मगलीलाई उसकै सामाजिक सर्कलका मानिसले सरकारको नयाँ कदम प्रेरित गर्ने विकासविरोधीको संज्ञा दिए। उनलाई विकास रोकेर प्रकृतिको संरक्षणमा प्रतिबद्ध विश्वासघाती रूपमा ईंगित गर्न थालियो। प्रेसमा, उनलाई कम्युनिस्ट, मानसिक रूपमा विक्षिप्त 'पर्यावरण संरक्षक' वा पर्यावरणीय-आतंकवादी भनियो।

मेरो सबैभन्दा पछिल्ला उपन्यासहरूमध्ये एक 'एल पाइस डे टु' (टुको देश) कानुनले संरक्षण गरेको विनाशकारी खानी उद्योगविरुद्ध माया जातिले गरेको प्रतिरोधको वरिपरि घुम्छ। यस शताब्दीको सुरुमा, ग्वाटेमालाका थोरै मात्रै मानिस ठूला खाडल बनाएर गरिने खानी उत्खननको विनाशकारी, अपरिवर्तनीय प्रभावबारे सचेत थिए। त्यही समय केही खानी कम्पनीले विशाल जमिन किनेर राख्न थाले। खानी उत्खनन सुरु हुनुभन्दा केही वर्षअघि खानी क्षेत्रलाई नियमन गर्न भन्दै एउटा कानुनको मस्यौदा तयार पारिएको थियो। मस्यौदा बनाउन केही कानुनी विशेषज्ञको सहयोग लिइएको थियो जो खानी कम्पनीकै कर्मचारी थिए।

एउटा सरकारी वातावरणीय प्रभाव अध्ययनका अनुसार, त्यस कानुनले क्यानडाको शक्तिशाली खानी कम्पनी ग्लामिस गोल्डको शाखा मोन्टाना एक्स्प्लोराडोरालाई कुनै शुल्क नलिई खानी उत्खनन गर्न दिएको थियो। सोही कानुनले खानी कम्पनीलाई उत्खननका क्रममा ग्वाटेमालाको पश्चिमी उच्चमैदानी क्षेत्रमा अवस्थित विपन्न नगरपालिका सिपाकापाको पानीको स्रोतमा साइनाइड र अन्य हानिकारक रासायनिक उत्पादन फाल्ने छुट दियो। एक परिवारले मासिक औसत १३२० ग्यालन पानी खपत गर्ने सिपाकापामा दैनिक १६ लाख ग्यालन पानी प्रदूषित गरियो।

ग्वाटेमालाको खनिज भण्डार मानिने पश्चिमी उच्च समस्थली क्षेत्र माया समुदायको उच्च जनघनत्व भएको क्षेत्र पनि हो। सन् १९९६ यता ग्वाटेमालाले खनिज अन्वेषण र दोहनका लागि करिब तीन सय इजाजतपत्रको अनुरोधलाई अनुमोदन गरेको छ। र, खानी उत्खननको विरोध गर्ने क्रममा माया जातिका कैयौं अभियन्ताको हत्या गरिएको छ। अरू धेरैलाई आतंकवाद, चोरी, सडक अवरोध वा अन्य कुनै आरोपमा अभियोग लगाउँदै जेल हालिएको छ। तर, तिनको खास अपराध भने आफू बसिरहेको भूमिमाथि भइरहेको अतिक्रमणको प्रतिरोध गर्नु हो।

> धेरै अभियन्ता, पत्रकार र लेखकलाई कैयौं काल्पनिक अपराधका लागि झ्यालखाना पुऱ्याउने देखाउँछ। राज्यहिंसा, नश्लवाद र भ्रष्टाचारजस्ता कानुनी विकृतिले दशकौंदेखि म र मेरा पुस्ताका धेरै सहकर्मीको लेखनलाई पोषित गऱ्यो। यी विकृतिको विश्वभर बढ्दो ट्रेन्डले सम्भवतः झ्यालखाना पछाडिबाट लेखिने साहित्यको नयाँ लहरलाई प्रेरित गर्नेछ।

ग्वाटेमालाको माया समुदायका क्षेत्रमा देखिएकोजस्तै संघर्ष मेरो उपन्यास 'टुको देश'मा हुन्छन्। उपन्यासमा भ्रष्ट संस्था देखाइएको छ, जुन आज ग्वाटेमालाको माथिल्लो अदालतजस्तै देखिन्छ, जहाँका न्यायाधीशहरू खुल्लमखुला राजनीतिक रूपमा शक्तिशाली समूह र संगठित अपराधीसँग मिलेका देखिन्छन्। तीमध्ये केही अमेरिकाले सन् २०२१ देखि निकाल्दै आएको एन्जेल सूचीमा पनि समाविष्ट छन्, जहाँ ल्याटिन अमेरिकाका भ्रष्ट र अलोकतान्त्रिक खेलाडीलाई राखिन्छ।

मेरो उपन्यास स्थापनादेखि नै राजनीतिक भ्रष्टाचारमा डुबेको मध्यअमेरिकीमा एक सानो माया जातिको राष्ट्रको जन्मसँगै समाप्त हुन्छ। ४० वर्षअघिजस्तै अहिले (सम्भवतः सधैं नै) यथार्थ र काल्पनिक एक-अर्कामा रूपान्तरण गर्न सकिने देखिन्छ। कानुनी युद्ध विश्वभर फैलिरहेको छ, संयुक्त राज्य अमेरिकामा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२० को चुनावी परिणामलाई न्यायिक रूपमा उल्ट्याउने प्रयास गरे। रसियामा राष्ट्रपति भ्लादिमिर पुटिन युक्रेन आक्रमणको औचित्य पुष्टि गर्न प्रयोग गरिएका झुटमाथि प्रकाश पार्ने स्वतन्त्र पत्रकारहरूलाई जेल हाल्न कानुनलाई प्रयोग गरिरहेका छन्। नाइजेरियादेखि केन्यासम्म, इजरायलदेखि चीनसम्म कानुन शक्तिशालीको हातको हतियार बनेको छ।

ग्वाटेमालामा गत अगस्टमा भएको राष्ट्रपतीय निर्वाचनमा मध्यवामपन्थी विपक्षी उम्मेदवारको जितपछि, दण्डहीनताविरुद्धको विशेष अभियोक्ताको कार्यालयका मुख्य अभियोजकले (जो मध्यअमेरिकाको भ्रष्टको एंगेल सूचीका एक प्रतिष्ठित सदस्य हुन्) विजेताको दलविरुद्ध कानुनी कदमको शृंखला नै घोषणा गरे। मुख्य अभियोजकले निर्वाचित राष्ट्रपति र उनको दलले चुनावी सूचीमा गलत तथ्यांक दिएको आरोप लगाएका छन्। यस विकासक्रमले आगामी वर्ष, न्यायलाई राजनीतिक खेलमा परिणत गर्ने प्रवृत्तिले थप धेरै अभियन्ता, पत्रकार र लेखकलाई कैयौं काल्पनिक अपराधका लागि झ्यालखाना पुऱ्याउने देखाउँछ। राज्यहिंसा, नश्लवाद र भ्रष्टाचारजस्ता कानुनी विकृतिले दशकौंदेखि म र मेरा पुस्ताका धेरै सहकर्मीको लेखनलाई पोषित गऱ्यो। यी विकृतिको विश्वभर बढ्दो ट्रेन्डले सम्भवतः झ्यालखाना पछाडिबाट लेखिने साहित्यको नयाँ लहरलाई प्रेरित गर्नेछ।

रोड्रिगो रे रोजा ग्वाटेमाला सिटीमा जन्मिएर सोही सहरमा हुर्किकी लेखिका हुन्। उनका पाँचवटा कथासंग्रह र एक दर्जन उपन्यास प्रकाशित छन्।

(न्युयोर्क टाइम्सबाट **श्रवण उप्रेती**को अनुवाद)

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २१ पुस ०८०

बुढीगण्डकी डुबान क्षेत्रका विस्थापितलाई जीविकोपार्जनकै पिरलो

माछा मार्ने, कृषि तथा स्थानीय स्रोत-साधनमा आधारित व्यवसाय गरिरहेका स्थानीय विस्थापित भएपछि के गर्ने भन्ने चिन्तामा

गोरखामा **मिलन विश्वकर्मा**

धादिङको ज्वालामुखी गाउँपालिका वडा नम्बर २ को मैदीस्थित माझिटारका धनबहादुर कुमाल बुढीगण्डकी नदीमा माछा मारेर बजारमा बिक्री गर्छन्। उनकै आम्दानीमा परिवार निर्भर छ, तर १२ सय मेगावाटको बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना निर्माण हुने भएसँगै पुख्र्यौंली पेसा गुमेपछि उनलाई कसरी बाँच्ने भन्ने पिरलो सुरु भएको छ। बुढीगण्डकी करिडोर क्षेत्रमा बसोवास गर्ने माझी, कुमाल समुदायका व्यक्तिहरू यही नदीमा माछा मारेर जीविकोपार्जन गर्दै आएका छन्।

यसैगरी, धादिङ त्रिपुरासुन्दरी गाउँपालिका वडा नम्बर ६ की दीर्घकुमारी श्रेष्ठलाई पनि विस्थापित भएपछि कसरी जीविकोपार्जन गर्ने भन्ने चिन्ताले सताउन थालेको छ। श्रीमान्-श्रीमती मात्रै रहेका उनीहरूको आम्दानीको मुख्य स्रोत नै किसानी हो। 'सरकारले पुनर्स्थापना गरिदिन्छ भन्ने आशामा छौं, तर त्यहाँ गएर कसरी खेती-किसानी भएर बाँच्न सकिन्छ भन्ने चिन्ताले पिरोलेको छ,' श्रेष्ठ भन्छिन्, 'अहिले त सरकारले पुनर्वास कहिले गरिदेला भनेर प्रतीक्षा गरिरहेका छौं।'

सोही ठाउँका कृष्णबहादुर माझीको अवस्था पनि फरक छैन। 'यहाँ कृषि व्यवसाय गर्न निकै राम्रो वातावरण छ। हावापानी तथा जमिन कृषि व्यवसायका लागि निकै उपयोगी छन्। आयोजनाका कारण ठाउँ डुबानमा पर्ने भएपछि समग्र बुढीगण्डकी करिडोरकै हामीजस्ता किसान अन्यत्र जान बाध्य हुँदै छौं,' उनले भने, 'तर, विस्थापित भएर कहाँ जाने टुंगो छैन। सरकारले कस्तो ठाउँमा पुनर्स्थापित गर्छ, त्यो पनि टुंगो छैन। त्यसमाथि त्यहाँ कृषि व्यवसाय गर्न उपयुक्त जमिन तथा हावापानी हुन्छ भन्ने पनि टुंगो छैन।'

गोरखाको गण्डकी गाउँपालिकाको दरबुङमा किराना र होटेल सञ्चालन गर्दै आएकी गीता पन्तको चिन्ता पनि उस्तै छ। त्यहाँ पन्तको व्यवसाय राम्रो चल्दै आएको छ। तर, नयाँ ठाउँमा के गर्ने भन्ने भेउ



गोरखाको आरुघाटस्थित बुढीगण्डकी नदीको किनारामा रहेको खेतीयोग्य जमिनमा गरिएको केरा, काउली, सागलगायतका फलफूल तथा तरकारी खेती। **तस्बिर** : नयाँ पत्रिका

उनले पाएकी छैनन्। खाजाघर चलाएर जीविकोपार्जन गर्दै आएका धादिङको त्रिपुरासुन्दरी गाउँपालिका वडा नम्बर १ कि सुवर्ण गुरुङको परिवारले चार आना जग्गा मात्रै र घर पनि सानो भएकाले उनको मुआब्जा पनि धेरै आएन। मुआब्जामार्फत आएको पैसाले अन्यत्र जग्गा किन्न नसकेको उनको गुनासो छ। त्यसरी आएको पैसा पहिलाको ऋण चुक्ता गर्दा सकिएको उनले बताइन्। 'अब सरकारले जहाँ पुनर्वास गर्छ, त्यही ठाउँमा जानुबाहेक अरू विकल्प छैन,' उनी भन्छिन्।

खेतीयोग्य जमिन भएको फाँट छाडेर कहाँ पुगिने हो भन्ने चिन्ता अधिकांश विस्थापितको छ। विस्थापित हुने घरपरिवारका पेसा भने फरक-फरक छन्। यहाँ सरकारी जागिर, वैदेशिक रोजगार, सार्वजनिक तथा निजी क्षेत्रमा काम गर्ने परिवार पनि छन्। साथै, स्थानीय स्रोत-साधनसँग सम्बन्धित पेसा व्यवसाय गर्ने परिवार पनि प्रशस्तै छन्।

आरुघाट गाउँपालिकाकी उपप्रमुख कल्पना नेपाली प्रभावित बासिन्दाको माग तथा गुनासोको उचित सम्बोधन गरेर आयोजना बनाउनुपर्ने बताउँछिन्। 'यो आयोजना बन्नुपर्छ, आयोजना बनेपछि स्थानीयदेखि राष्ट्रिय अर्थतन्त्रमै सकारात्मक प्रभाव पार्छ। तर, स्थानीय प्रभावित बासिन्दाको माग तथा गुनासोको उचित सम्बोधन भने हुनुपर्छ,' उनले भनिन्, 'यस विषयमा सम्बन्धित निकायहरूको ध्यान जान आवश्यक छ।'

बुढीगण्डकी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) जगतकुमार श्रेष्ठ पनि विस्थापित हुने परिवारको जीविकोपार्जनमा आउने समस्याका विषयमा गम्भीर रहेको बताउँछन्। उनि भन्छन्, 'विस्थापित परिवारलाई जीविकोपार्जनमा समस्या आउन नदिन व्यावसायिक तालिम दिने योजना छ, रोजगारीका अवसरमा पनि प्रभावित बासिन्दालाई उच्च प्राथमिकतामा राखिनेछ।'

स्थानीयहरूको मन नदुखाई, उनीहरूको गुनासो सम्बोधन गरेर आयोजनाको निर्माण अघि बढाउनुपर्ने बताउँदै पूर्वऊर्जासचिव देवेन्द्र कार्की भन्छन्, 'पछि ड्याममै माछापालन गर्न सकिन्छ। त्यसबाट वार्षिक चार अर्ब आम्दानी हुन सक्ने देखिएको छ। विस्थापित हुने परिवारको जीविकोपार्जनमा सहजता प्रदान गर्ने कार्यक्रम हामीसँग छ, आत्तिनुपर्दैन।'

■ यसरी बन्दै छ बुढीगण्डकी

गोरखा र धादिङ जिल्लाको सीमाक्षेत्रमा बग्ने बुढीगण्डकी नदीमा १२ सय मेगावाटको जलाशययुक्त जलविद्युत् आयोजना बनाउने तयारी अघि बढाइएको छ।

पछिल्लोपटक सरकारले स्वदेशी लगानीमै यो आयोजना बनाउन बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेड नामक कम्पनी स्थापना गरिसकेको छ। त्यसमा अर्थ मन्त्रालय, ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणको सेयर स्वामित्व छ। अब सरकारबाट सहुलियत ऋण तथा भायाबिलिटी ग्याप फन्डिङ, विभिन्न वित्तीय संस्थाबाट इक्युटी तथा ऋण, स्थानीय सर्वसाधारणबाट सेयरलगायतका माध्यमबाट लगानी जुटाएर आयोजनाको निर्माण सुरु गर्ने कम्पनीको तयारी छ। कम्पनीका सिइओ जगतकुमार श्रेष्ठले अब लगानी सुनिश्चित भएपछि निर्माणको टेन्डर अघि बढ्ने बताए। निर्माण सुरु भएको आठदेखि १० वर्षमा आयोजना तयार हुने बताइएको छ। आयोजना निर्माण गर्दा ६ हजार रोजगारी सिर्जना हुनेछ।

आयोजनाका अनुसार गोरखाको ग्यालचोक र धादिङमा दुई सय ६३ मिटर अग्लो बाँध बनाएर बुढीगण्डकीको पानी जम्मा गरिनेछ। तर, यसरी नदीमा ड्याम बनाउँदा गोरखाका चार गाउँपालिका, धादिङको एक नगरपालिका र चार गाउँपालिका (साबिक गोरखाका १४ र धादिङका १३ गरेर २७ गाविस) प्रभावित हुँदै छन्। ड्यामको क्षेत्रफल ६३ वर्गकिलोमिटर हुनेछ। त्यसरी ड्याम बनाउँदा प्रभावित क्षेत्रका ३,५६० सय घरधुरी डुबानमा पर्नेछन्, उनीहरू पूर्ण रूपमा विस्थापित हुँदै छन्। आयोजनाबाट प्रभावित हुने कुल घरधुरी संख्या भने आठ हजार एक सय १७ रहेको छ।

६ वर्षअघि भएको अध्ययनले आयोजनाको लागत दुई खर्ब ५९ अर्ब देखाएको छ। आयोजनाको संशोधित अनुमानित लागत दुई अर्ब ७७ करोड डलर रहेको छ। आयोजनाबाट वार्षिक रूपमा तीन अर्ब ३८ करोड ३० लाख युनिट विद्युत् उत्पादन हुने लक्ष्य राखिएको छ। यो आयोजनाको इकोनोमिक इन्टरनल रेट अफ रिटर्न १५.५ प्रतिशत र फाइनान्सियल इन्टरनल रेट अफ रिटर्न ७ प्रतिशत हुने देखिएको छ। आयोजनाले अर्थतन्त्रको विकासमा पनि ठूलो सहयोग पुग्ने देखिन्छ।

६ आयोजनालाई पिपिएका लागि विद्युत् प्राधिकरणको आह्वान

रोलक्रमका आधारमा बोलाइएका दुई सय १५ मेगावाटका १५ आयोजनाले पिपिएका लागि आवेदन नदिएपछि सोही ठाउँमा थप ६ आयोजनालाई पिपिए गर्न आग्रह

नयाँ पत्रिका



नेपाल विद्युत् प्राधिकरणले नदी प्रवाहमा आधारित ६ जलविद्युत् आयोजनालाई विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गर्न आह्वान गरेको छ। प्राधिकरणले ग्रिड कनेक्सन सम्झौताको रोलक्रमका आधारमा गत फागुनमा १५ सय मेगावाटको कोटामा पिपिए आह्वान गरेको थियो। त्यसभित्रका दुई सय १५ मेगावाटका १५ आयोजनाले आवेदन नदिएपछि सोही ठाउँमा थप ६ आयोजनालाई पिपिए गर्न बोलाइएको हो।

ती ६ आयोजनाको कुल क्षमता दुई सय २९ मेगावाट रहेको छ। प्राधिकरणले ४१ मेगावाटको संखुवा खोला, २९.९ मेगावाटको होङ्गु खोला र २२.२४ मेगावाटको अप्सुवा खोला-१ जलविद्युत् आयोजनालाई पिपिएका लागि आह्वान गरेको छ। यसैगरी ३५.१५ मेगावाटको माथिल्लो अप्सुवा खोला, २४ मेगावाटको सुपरसेती र ७७.५० मेगावाटको घुन्सा खोला आयोजनालाई पिपिएका लागि आह्वान गरिएको छ।

संखुवा खोलालाई गुराँस हाइड्रो, होङ्गु खोलालाई युनियन हाइड्रोपावर र अप्सुवा खोला-१ तथा माथिल्लो अप्सुवा खोला जलविद्युत् आयोजनालाई रामजानकी हाइड्रोपावार कम्पनीले अघि बढाएका छन्। यसैगरी, सुपर सेतीलाई एसएन इनर्जी र घुन्सा खोला जलविद्युत् आयोजनालाई रेमिट हाइड्रोले अघि बढाएका छन्। यसअघि सूचीमा परेका आयोजनाले तोकिएकै अवधिमा आवेदन नदिएपछि उनीहरूको ठाउँमा छनोट भएका ६ आयोजनालाई ग्रिड कनेक्सन सम्झौताको रोलक्रमका आधारमा नै छनोट गरिएको हो। घुन्सा खोलाले आफ्नो पूर्णजडित क्षमताको नभएर बाँकी कोटामा मात्रै पिपिए गर्न पाउनेछन्।

नेपालमा पिपिए गर्ने अधिकार नेपाल विद्युत् प्राधिकरणलाई मात्रै रहेको छ। प्राधिकरणले बिहीबार एक सूचना जारी गर्दै उक्त ६ आयोजनालाई पिपिएका लागि आह्वान गरेको थियो। उक्त ६ आयोजनाले १५ दिनभित्र पिपिएका लागि प्राधिकरणमा आवेदन दिनुपर्नेछ। यदि तोकिएको समयमा आवेदन नदिएमा अन्य कम्पनीले अवसर पाउनेछन्।

प्राधिकरणले पिपिएमा कोटा प्रणाली लागू गरेको छ। सरकारले ०७५ मा १० वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको थियो। सोहीअनुसार प्राधिकरणले पिपिएमा पनि १५ हजार मेगावाटकै कोटा तोकेको छ। १५ हजार मेगावाटमा जलाशययुक्त तथा पम्प स्टोरेज ३०-३५ प्रतिशत, पिकिङ आरओआर २५-३० प्रतिशत, आरओआर ३०-३५ प्रतिशत र अन्य वैकल्पिक स्रोत ५-१० प्रतिशत अनुपात कायम पिपिए गर्ने व्यवस्था गरिएको थियो। त्यसअनुसार आरओआर आयोजनाको पाँच हजार दुई सय ५० मेगावाट कोटा थियो, त्यो कोटा सकिएपछि ०७६ देखि त्यस्ता आयोजनाको पिपिए रोकिएको थियो। त्यसपछि असार ०७९ मा मन्त्रिपरिषद्ले उत्पादन सम्मिश्रणको अनुपातलाई पुनरावलोकन गरी जलाशययुक्तको १० प्रतिशतले घटाएर आरओआरका लागि १० प्रतिशतले बढाएको थियो। जसमा जलाशययुक्त २०-२५ प्रतिशत, पिकिङ आरओआर २५-३० प्रतिशत, आरओआर ४०-४५ प्रतिशत र अन्य वैकल्पिक स्रोत ५-१० प्रतिशत अनुपात कायम गरिएको थियो। सोहीअनुसार प्राधिकरणले आरओआरका लागि गत फागुनमा १५ सय मेगावाट खुला गरेको थियो। त्यस कोटामा परेका दुई सय २९ मेगावाटका १५ आयोजनाले आवेदन नदिएपछि अन्य उद्योगले अवसर पाएका हुन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

राणा बनिन् आइसल्यान्डकी अवैतनिक महावाणिज्यदूत



काठमाडौं/ रिपब्लिक अफ आइसल्यान्ड सरकारले विदुषी राणालाई नेपालका लागि रिपब्लिक अफ आइसल्यान्डको अवैतनिक महावाणिज्यदूतमा नियुक्त गरेको छ। उनलाई परराष्ट्र मन्त्रालयका चिफ अफ प्रोटोकल दिलीपकुमार पौडेलले बिहीबार ओहदाको प्रमाणपत्र हस्तान्तरण गरेका हुन्।

दुई देशबीचको कूटनीतिक सम्बन्धलाई सुमधुर बनाउने प्रतिबद्धतालाई जोड दिँदै रिपब्लिक अफ आइसल्यान्ड सरकारले उनलाई नेपालका लागि रिपब्लिक अफ आइसल्यान्डको अवैतनिक वाणिज्यदूतमा नियुक्त गरेको हो। राणा किरण सुज (गोल्डस्टार सुज)की कार्यकारी निर्देशक हुन्। उनले आगामी दिनमा नेपाल-रिपब्लिक अफ आइसल्यान्डको बहुआयामिक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेकी छिन्।

फल्याट खाली गर्ने बारे

मेरो का.जि. का.म.न.पा. वडा नं. १४ आश्रम मार्ग, बल्खुको कि.नं. २२४ मा बनेको घरको एक फल्याट तपाई कथित भक्तपुर निवासी सरोज साही भाडामा लिई बस्दै आएकोमा विगत ६ महिना देखिको मलाई घर भाडा नदिई तथा मलाई कुनै सूचना जानकारी नदिई फल्याटमा ताला लगाई मिति २०८०/९/१ देखि बेपत्ता हुनु भएकोले तपाईले दिएको मो. नम्बरमा बारम्बार सम्पर्क गर्न खोज्दा सम्पर्कमा नआउनु भएकोले बाध्य भै कानूनी प्रक्रिया बमोजिम तपाईलाई यसै राष्ट्रिय दैनिक पत्रिका मार्फत यो पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचनाको अवधि भित्र तपाईले म घरधनी समक्ष उपस्थित भै बहाल रकम बुझाई फल्याटको ताला खोली घर फल्याट खाली नगरेमा प्रचलित कानून बमोजिम तपाई उपर कारवाही हुने जानकारी गराइन्छ।

घरधनी : भरत बहादुर कार्की, बल्खु

हार्दिक समवेदना



जन्म
वि.सं. २०३०/४/२

स्वर्गारोहण
वि.सं. २०८०/५/१२

स्व. विष्णुकुमारी राई

हाम्रा सहकर्मी रमेश राईकी ममतामयी माता विष्णुकुमारी राईको अल्पायुमै स्वर्गारोहण भएकोमा हामी मर्माहत भएका छौं। साथै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

नयाँ पत्रिका
परिवार

राष्ट्रिय सहकारी विकास बोर्ड

पुल्चोक, ललितपुर
फोन नं.: ०१-५०१०२३७, ५०१०१३१, ५०१०१९०

लगनखेल स्थित साझा किनमेल केन्द्रको सटर तथा कोठाहरु भाडामा दिने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

पुनः प्रकाशित मितिः २०८०/९/२१

ललितपुर महानगरपालिका वडा नं. ५, लगनखेल स्थित साझा किनमेल केन्द्रको मूल भवनको भूई तला र पहिलो तला साथै मेन गेट सँगैको मूल सडक पट्टीका भूई तलाको सटरहरुलाई प्याकेज अनुसार एकमुष्ठ वा अलग अलग भाडामा लगाउने निर्णय भएअनुसार ५ (पाँच) वर्ष अवधि सम्मको लागि इच्छुक व्यक्ति, फर्म/कम्पनी, संघ/संस्थाहरुले आवश्यक कागजात सहित तोकिएको न्यूनतम अंकमा नघटाई निम्न सर्तहरुको अधिनमा रहि रीतपूर्वकको शिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

शर्तहरुः

१. बोलपत्र पुनः प्रकाशित मितिले ३० दिन भित्र बोलपत्र दस्तुर रु. ३,०००/- (अक्षरुपी तीन हजार मात्र) फिर्ता नहुने गरी बुझाइ इच्छुक फर्म/कम्पनी, संघ/संस्थाहरुले अद्यावधिक नवीकरण भएको इजाजतपत्र, VAT/PAN दर्ता भएको प्रमाणपत्र, आ.व. २०७८/७९ को कर चुक्ता गरेको प्रमाणपत्रहरुको प्रतिलिपी संलग्न राखी सम्बन्धीत फर्म/कम्पनी, संघ संस्था वा अधिकार प्राप्त प्रतिनिधी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी पेश गरी यस बोर्डबाट बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्न सक्नेछ।
२. खरिद भएको बोलपत्रमा उल्लेख भएका सबै विवरणहरु शर्त रहित प्रष्टसंग भरी प्रत्येक पानामा सहीछाप गरी खाममा सिलबन्दी गरी सो खाम बाहिर फर्म/कम्पनी, संघ/संस्थाको नाम, ठेगाना सम्बन्धी विवरण प्रष्टसंग लेखी ३१ औं दिनको १२:०० बजे भित्र यस बोर्डमा दर्ता गरी सक्नु पर्नेछ। यसरी दर्ता भएको बोलपत्रहरु सोही दिन दिनको २:०० बजे बोलपत्रदाताहरु वा अधिकृत प्रतिनिधीहरुको रोहबरमा यस बोर्डको कार्यालयमा खोलिने छ। बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
३. बोलपत्रदाताले बार्षिक कबोल अंकको ५% (पाँच प्रतिशत) ले हुने धरौटी वापतको रकम बोलपत्र साथ सानिमा बैंक नयाँबजार शाखामा रहेको यस बोर्डको धरौटी खाता नं. ०३८०१००१०००००५७९ मा दाखिला गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ।
४. बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा भर्नु पर्नेछ। अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
५. बोलपत्र दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट वा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन कायम गरी उक्त कार्यहरु हुनेछ।
६. एक व्यक्ति, फर्म कम्पनी, संघ/संस्थाको नाममा खरिद गरिएको बोलपत्र फारम अर्काको नामबाट दाखिला गर्न पाईने छैन।
७. कुनै कारण जनाई वा नजनाई आंशिक वा पुरा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बोर्डमा सुरक्षित रहनेछ।
८. बोलपत्र स्वीकृत पश्चात सम्झौता गर्ने समयमा आफुले कबोल गरेको मासिक भाडा बमोजिम तीन महिनाको भाडा बराबरको धरौटी रकम दाखिला गर्नुपर्ने छ। दाखिला गर्न नआएमा शर्त नम्बर ३ अनुसार राखिएको धरौटी रकम जफत गरिने छ।
९. यस बोर्डलाई बुझाउनु पर्ने बाँकी बक्यौता रहेको व्यक्ति वा फर्मले उक्त बक्यौता चुक्ता नगरि यो ठेक्का प्रक्रियामा सहभागी हुन पाउने छैन।
१०. बोर्डले भाडा दिने सम्बन्धी कार्यप्रयोजनको लागी मिति २०८०।३।२४ मा प्रकाशित सूचना बमोजिम खरिद भएका बोलपत्र फारम लगायत अन्य कागजातहरु यथावत कायम रहने छ।
११. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ।

सि.नं.	प्याकेज नं.	विवरण	क्षेत्रफल	प्रस्तावित न्यूनतम दररेट	
				मासिक	बार्षिक
१	प्याकेज १	साझा किनमेल केन्द्र मूल प्रवेश द्वारको दायाँ र बायाँ को भुईतला दुबै तर्फको सटरहरु	दायाँ पट्टि १२ र बाँया पट्टि १४ गरि जम्मा २६ वटा सटर	रु १५,६०,०००।-	१,८७,२०,०००।-
२	प्याकेज २	साझा किनमेल केन्द्र मूल भवनको भूई तला	(९८४५.२५sq.m)	रु ८,६०,०००।-	१,०३,२०,०००।-
३	प्याकेज ३	साझा किनमेल केन्द्र मूल भवनको पहिलो तला	(९८४५.२५sq.m)	रु.५,०५,०००।-	६०,६०,०००।-

मन्थली नगरपालिका
मन्थली अस्पताल
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८०/०९/२१

यस मन्थली अस्पतालको लागि आवश्यक सर्जिकल सामग्री र ल्याब केमिकल खरिद गर्न मिति २०८०/०८/१० गते प्रकाशित बोलपत्र पत्र आह्वानको सूचना बमोजिम पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित फर्म/सप्लायर्सको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही पाईएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि यो ७ (सात) दिने आसयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपसिल

सि.नं	सूचना नं.	खरिद कार्यको विवरण	स्पेशिफिकेसन	परिमाण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल गरेको रकम
१	MH/RCH/GOODS/NCB/01/079/080	Procurement of surgical instruments and lab chemicals	SBD मा उल्लेख भए बमोजिम	SBD मा उल्लेख भए बमोजिम	श्री पन्चधुरा सर्जिकल सप्लायर्स बर्दिवास महोत्तरी	रु ३७६३२०८/७४ भ्याट सहित

मेडिकल सुपरिटेन्डेन्ट

शनिबार २१ पुस ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

भारतीय खेलाडीका दुई पेनाल्टी रोक्दै स्वर्ण दिलाएँ

सन् १९९३ मा बंगलादेशमा भएको छैटौं दक्षिण एसियाली खेलकुद (साफ)को अन्तिम दिन नेपाल र भारतबीच फुटबलमा स्वर्ण पदकका लागि भिडन्त भएको थियो । स्वर्ण जित्नुअघिसम्म नेपालबाट सहभागिता जनाएका अन्य खेलका खेलाडीले रजत र कांस्य मात्र जितेका थिए । त्यसवेला फुटबलले स्वर्ण दिलाउने कसैले कल्पना नै गरेका थिएनन् । केवल दुई साताको अभ्यास गरी नेपाली फुटबल टोलीले भाग लिएको थियो । फाइनलको टाइब्रेकरमा १९ वर्षीय गोलरक्षक उपेन्द्रमान सिंहले भारतका दुई प्रहार छेक्दै ऐतिहासिक स्वर्ण दिलाए । उनकै उत्कृष्ट प्रदर्शनका कारण यो प्रतियोगितामा नेपाल स्वर्ण पदकविहीन हुनबाट बचेको थियो । उपेन्द्रमानले ३० वर्षअघिको भारतविरुद्धको फाइनल खेलको स्मरण नयाँ पत्रिकाका **श्रीलोचन राजोपाध्याय** र **रमेश सुवेदी**लाई यसरी सुनाए ।



> भारतीय खेलाडीले सुरुवातमा निकै कडा प्रहार गरेका थिए । हाम्रा खेलाडी पनि कम थिएनन् । सबैले टप कर्नरमा पेनाल्टी हिर्काए । मैले भारतको तेस्रो पेनाल्टी रोकें । उसले दायाँ साइडमा हान्छन् भन्ने गेस गरें । त्यहीं नै डाइभ गर्दै पेनाल्टी रोकें ।



भारतविरुद्धको पेनाल्टी सुटअधि गोलरक्षक उपेन्द्रमान सिंह ।

छैटौं साफमा हामीले दुई साताको प्रशिक्षण गरी सहभागिता जनाएका थियौं । त्यो समयमा आधुनिक प्रशिक्षण र अहिलेको जस्तो अभ्यास खेल थिएन । चना र अन्डाको डाइटका भरमै साफ खेल्न बंगलादेश पुग्यौं । फुटबलमा सहभागीमध्ये नेपाल सबैभन्दा कमजोर टोलीका रूपमा थियो । सन् १९९० को दशकतिर बंगलादेश र भारतको फुटबल स्तर नै माथि थियो । अझ बंगलादेशका खेलाडी पूर्ण प्रोफेसनल थिए । उनीहरूको कमाइ नै २५ लाख टाँका थियो । हामी नेपालीको केही पनि थिएन । यस किसिमको फरकबीच हामीले साफ खेल्यौं । सेमिफाइनलमा नेपाल घरेलु टोली बंगलादेशसँग थियो ।

ढाकामा स्थानीय मिडिया तथा पत्रपत्रिकामा नेपालमाथि बंगलादेशले फराकिलो अन्तरले जित निकाल्ने समाचार सम्प्रेषण गरिसकेको थियो । उनीहरूको दाबी बलियो पनि थियो । साफ खेल्नुअघि हामीले बंगलादेशकै एयर फोर्ससँग एक मैत्रीपूर्ण खेल खेल्यौं । जसमा हामी चार गोलले पराजित भएका थियौं । नेपालको राष्ट्रिय फुटबल टोलीमाथि सामान्य क्लबले चार गोलले जित निकाल्दा हाम्रो के अवस्था भनौं वा स्तर थियो ? सोच्नुपर्ने पक्ष थियो । यसैकारण बंगलादेशले नेपालमाथि सानदार जित निकाली फाइनल स्थान बनाउने योजना बनाएको थियो ।

फेरि बंगलादेशले साफमा स्वर्ण जित्न भनी ठूलो लगानी गरेको थियो । उनीहरूका खेलाडीले मलेसियामा तीन महिनाजति प्रशिक्षण गरी साफ खेलेको थियो । तयारीको हिसाबमा हामीभन्दा बंगलादेश धेरै अगाडि थियो । विदेशी भूमिको तयारी तथा व्यावसायिक खेलाडीले भरिएको बंगलादेशविरुद्ध नेपालले १-० को जित निकाल्यो । यो नतिजाले सिंगो बंगलादेश स्तब्ध भयो । उनीहरूको वर्षौंदेखिको सपना सामान्य टोली भनेको नेपालले भताभुंग गरेको थियो ।

नेपालसँगको हार यति पीडादायी भयो कि बंगलादेशले त्यसपछि फुटबलमा लगानी नै गर्न छाड्यो । त्यसपछि मात्र बंगलादेशले फुटबलमा भविष्य नदेखी क्रिकेटमा लगानी गरेको हो । यदि बंगलादेशले त्यो साफमा स्वर्ण जितेको भए, आज उनीहरूको स्तर भारतको भन्दा पनि माथि हुने थियो होला । १५ दिनको तयारीका साथ ढाका पुगेको हाम्रो बलियो पक्ष नै टिमवर्क थियो । सिनियर तथा मजस्ता जुनियर खेलाडीबीच निकै तालमेल थियो ।

कप्तान राजु शाक्य, दीपक अमात्य, राजेश मानन्धर, मणि शाह र देवनारायण चौधरीजस्ता सिनियर खेलाडीको व्यक्तिगत प्रदर्शन अब्बल रहेको थियो । छैटौं साफ खेल्दा म १९ वर्ष मात्र भएको थिएँ । तर, मसँग अघिल्लोपटक साफ खेलेको अनुभव थियो । त्यसवेला सिनियर दाइहरूले मलाई निकै माया गर्नुहुन्थ्यो । कल्पना पनि नगरेको नतिजा निकाली फाइनल पुग्दा नेपाली क्याम्पको माहोल नै परिवर्तन भयो ।

वास्तवमा साफमा हामी टुरिस्ट भएर गएका थियौं । फुटबल खेल्ने अनि फर्कने लक्ष्यका साथ ढाका पुगेका थियौं । भनिहालें नि, त्यस किसिमको तयारीमा नेपाल समूह चरणबाटै बाहिरिने अवस्था थियो । खेलाडीबीचको आत्मविश्वास मान्नु नै पर्छ । कोही पनि कम थिएनन्, मैदानभित्र प्रवेश गरेपछि जसरी पनि जित्नुपर्छ भन्ने थियो । मैदानमा ४० प्रतिशत खेल मुढेबल लगाएर खेल्यौं र फाइनलमा पुग्यौं ।

फाइनल पुग्दा उच्चपदस्थको भेट

साफको अन्तिम दिन फुटबलको फाइनल थियो । हामी फाइनल पुग्नुअगाडि नेपालबाट सहभागी खेलले स्वर्ण जित्न सकेनन् । सम्भवतः पहिलोपटक नेपाल स्वर्णविहीन हुँदै घर फर्कने सम्भावना त्यतिकै बढेको थियो । फुटबलको फाइनलको अघिल्लो रात र बिहान राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव, नेपाल ओलम्पिक कमिटीका अध्यक्ष तथा खेलकुद मन्त्रालयका उच्च पदाधिकारीले फाइनल खेल्ने हामीलाई भेट गर्न आए । हामी फाइनल नपुग्दासम्म कसैले पनि वास्ता गरेका थिएनन् । अब साफमा नेपालको इज्जत फुटबलले मात्र रक्षा गर्न सक्छ र हामी खेलाडीमाथि सिंगो नेपालले आशा गरेको छ भनी पदाधिकारी सम्झाउन आए ।

'तिमीहरूले जसरी पनि नेपालको नाम राख्नुपर्छ, स्वर्ण जित्न सकेन भने नेपाल पहिलोपटक स्वर्णविहीन भएर घर फर्कनेछ,' पदाधिकारीले यस्तै बोलेका थिए । यो क्रम बिहानसम्म चलिरह्यो । खेलाडीबीच भने यस किसिमको तनाव केही थिएन । एक त फाइनल पुग्ने सपना नै थिएन । त्यसमाथि स्वर्णको दाबेदार हुँदा बोनस नै भयो । यसैले खेलाडीले यसलाई इजी नै लिएका थिए ।

होटेलदेखि रंगशालासम्म शान्त

रमाइलो पक्ष के छ भने मिरपुरमा फाइनल थियो । होटेलदेखि रंगशालासम्मको यात्रा लगभग डेढ घण्टाजति थियो । यसबीचमा बसभित्र रहेका सबै खेलाडीले एक-आपसमा केही पनि कुराकानी गरेनन् । जो जहाँ थिए, सबै शान्त र चुप लागेर बसेका थिए । फाइनलमा हाम्रो प्रतिद्वन्द्वी भारत थियो । फेरि दक्षिण एसियाली खेलकुदमा भारतसँग सधैं कडा टक्कर टोली नेपालको थियो । जहाँ भए पनि नेपाल र भारतबीचको खेलको रौनक नै अर्को हुन्थ्यो । यद्यपि, भारत हामीभन्दा निकै शक्तिशाली भए पनि उनीहरूविरुद्ध योजना केही बनाएनौं ।

नेपाली टोलीमा जुनियर खेलाडीका रूपमा म कल्पनामा डुबेको थिएँ । आजको फाइनल मेरो करिअरको महत्त्वपूर्ण हो । यसमा स्वर्ण जित्न सक्यौं भने भविष्य बन्नेछ । गोलरक्षकको पाटोमा म महत्त्वपूर्ण खेलाडीका रूपमा थिएँ । फाइनलको यात्रासम्म मेरो प्रदर्शन अब्बल भइसकेको थियो । अब चुक्नुहुन्न भन्ने थियो । निर्णायक मोडमा असफल भयौं भने सबैले गाली गर्नेछन् । अघिल्लो प्रदर्शन सबैले बिर्सनेछन । केवल फाइनलको मात्र सम्झिरहनेछन् । यसकारण पनि गोलरक्षक कमान्ड सम्हालिराखेको मैले दुई सय प्रतिशत मिहिनेत गर्नुपर्छ । जसरी पनि स्वर्ण जित्नुपर्छ । स्वर्ण दिलाउँदा मेरो नाम इतिहासमा रहनेछ । यसका साथै भोलिका दिनमा मेरो फुटबल भविष्यको बाटो खुला हुनेछ । भारतविरुद्ध राम्रो सेभ गर्ने र गोल खानुहुन्न भन्ने भावना बसभित्र आइरहेको थियो ।

मणि र उमेश प्रधानको त्यो गोल

मिरपुरको रंगशालामा भारत र नेपालबीच आमनेसामने भयो । सिनियर दाइहरूले सिरियस भएर खेल्नुभएको थियो । मैदानमा यति जोस थियो कि अनुभवी भारतीय खेलाडीलाई ५०-५० प्रतिशतको टक्कर दिइएको थियो । नेपाली खेलाडीबीच एक-आपसमा सपोर्ट भइरहेको थियो । अर्कोतिर बंगलादेशमा डाक्टरदेखि विभिन्न क्षेत्रमा अध्ययन गरिरहेका नेपाली दाजुभाइको हामीलाई पूर्ण समर्थन रह्यो । रंगशालामा 'नेपाल-नेपाल-नेपाल'को स्वर गुन्जायमान भइरह्यो । त्यो सुन्दा मन एक किसिमले भावुक र आनन्दित भइरहेको थियो ।

अचानक भारतले हामीविरुद्ध अग्रता लियो । पहिलो गोल खाँदा अब के हुन्छ होला भन्ने मलाई भयो । त्यसपछि उमेश प्रधानको गोलसँगै हामीले १-१ गोलको बराबरी गरेका थियौं । फेरि नेपालले गोल व्यहोऱ्यो । त्यसवेला मेरो पक्षबाट सोच्दा अब सकियो भन्ने लागेको थियो । मैले दुई गोल खाँदा सिनियर खेलाडीले यस्तो गाली गर्नुभयो । त्यो नसम्झँदा नै हुन्छ । अहिले त्यस किसिमको गाली सुनेको भए खेलाडी मैदान छाडेर बाहिरिन्थे होला । मैदानमा एक गल्तीमा सिनियर-सिनियर दाइहरूबीच यस्तो गालीको वर्षा हुन्थ्यो कि कान नै दुई हातले बन्द गर्नुपर्ने अवस्था आउँथ्यो । र, नेपाली फुटबलकै म्याराडोना उपनाम पाएका मणि शाह दाइले टप कर्नरमा उत्कृष्ट गोल गर्दै नेपाललाई २-२ को बराबरीमा ल्याउनुभयो । उहाँको त्यो गोल 'ए वान' थियो । अझ भनौं, विश्वस्तरीय फ्रिकिक गोल थियो । बराबरी गोलपछि नेपाललाई जिताउनुपर्छ र राम्रो गोलकिपिङ गर्नुपर्छ भन्ने सोचें । अतिरिक्त समय पनि २-२ को बराबरीपछि स्वर्णको छिनोफानो टाइब्रेकरबाट हुने पक्का नै भयो ।

त्यसपछि हिरो बन्ने पालो मेरो

टाइब्रेकरमा पुगेपछि हिरो बन्ने पालो गोलरक्षकको थियो । बल छेक्ने गोलरक्षक हिरो बन्नेछन् । जुन खेलाडीले गोल गर्दैनन्, उनी जिरो बन्ने । फेरि गोलरक्षकले पाँचै पेनाल्टीमा गोल खाँदा खलनायक बन्ने गर्छन् । यो मैले राम्रोसँग बुझेको थिएँ । त्यसवेला मसँग लिनु वा दिनु केही थिएन । पेनाल्टीमा जो पनि हुन सक्छ । यद्यपि, पेनाल्टीमा गएपछि सबैको केन्द्रबिन्दु म भएँ । सबै आएर मेरा खुट्टा मालिस गर्नेदेखि सुमसुम्याउने गरे । पुनः एकपटक मैदानमा नेपालका विशिष्ट अफिसियलहरूले भने, 'अब नेपालको इज्जत तिम्रो हातमा छ उपेन्द्र, जसरी पनि भारतले प्रहार गरेको बल रोक्नुपर्छ ।'

राष्ट्रिय टोलीबाट मेरो यो पहिलो टाइब्रेकर थियो । एक किसिमले दबाब थियो । अर्को पक्षमा हिरो बन्ने दिन सम्झेर दंग थिएँ । अक्सरले गोलरक्षकले खेलाडीले प्रहार गर्ने वेलामा दायाँ वा बायाँ खुट्टा कुन पहिला अगाडि बढाउँछन्, यसलाई हेर्ने गर्छन् । हामीले अति नै छोटो समयमा निर्णय गर्नुपर्छ । फेरि कुनै गोलरक्षकले एकै स्थानमा मात्र डाइभ गरेका हुन्छन् । यसको अर्थ विपक्षीका कुनै एक खेलाडीले त्यही स्थानमा बल प्रहार गर्नेछन्, अनि बल रोक्नेछन् । यस्तो पनि रणनीति हुन्छ । धेरैजसो हाम्रो प्लान ७० प्रतिशत मिलेको हुन्छ ।

भारतीय खेलाडीले सुरुवातमा निकै कडा प्रहार गरेका थिए । हाम्रा खेलाडी पनि कम थिएनन् । उनीहरूले राम्रै प्रहार गरे । सबैले टप कर्नरमा पेनाल्टी हिर्काए । मैले भारतको तेस्रो पेनाल्टी रोकें । ती भारतीयले दायाँ साइडमा हान्छन् भन्ने गेस गरें । त्यहीं नै डाइभ गरें । दुर्भाग्यवश नेपालबाट एक पेनाल्टी मिस भयो । खेल बराबरी भयो । अब के हुन्छ भन्ने लागेको थियो । भारतको चौथो पेनाल्टी हातले छेकें । अब नेपालबाट निर्णायक पेनाल्टी प्रहार गर्न वसन्त गुरुङ आए । उनले सहजै भारतीय गोलरक्षकलाई बिट गरे । अनि, नेपालले कल्पना नै नगरेको क्षण आयो, जुन सफलताको स्वर्णपदक थियो ।

नेपालका लागि मणि शाह, राजेश मानन्धर, राजुकाजी शाक्य र वसन्त गुरुङले गोल गरेका थिए । भारतबाट भिपी सथ्यन, सुबिर घोष र भूपिन्दर ठाकुरले गोल गरे । पेनाल्टी सुटआउटमा नायक भएपछि सबै सिनियर दाइ र अफिसियलले मलाई काँधमा उठाउनुभयो । सबैले मलाई स्याबास भन्नुभयो । अहिले नि भन्ने गर्छु, त्यो जित मेरो प्रदर्शनले मात्र नभएर समग्र सबै खेलाडीको मिहिनेतले सम्भव भएको थियो । फुटबल भनेको युनिटी अफ गेम हो । एउटा कुरा, पेनाल्टी क्षणअघि मैले स्वयम्भूका हारती माता र पशुपतिनाथ भगवान्लाई खुबै सम्झेको थिएँ । अहिले पनि केही विशेष काम गर्नुअघि सम्झने गर्छु । बंगलादेशबाट फर्केर आउँदा हामीलाई त्रिभुवन विमानस्थलदेखि रंगशालासम्म परिक्रमा गराइएको थियो ।

गल्फर सुन्दरीलाई टिकटक बनाउन प्रतिबन्ध



एजेन्सी / अमेरिकन महिला गल्फर पेज स्पिरान्ज आउटफिटका कारण चर्चित छिन् । गल्फ कोर्समा खेल कौशलभन्दा उनी आकर्षक पहिरनकै कारण अन्य महिला खेलाडीका तुलनामा बढी चर्चामा आउने गर्छिन् । तर, यसै आकर्षक पहिरनकै कारण उनलाई टिकटक बनाउन प्रतिबन्ध लगाएको छ । गत साता एक खेलमा उनले शरीरको माथिल्लो भाग अर्धनग्न देखाउँदै प्रतिस्पर्धा गरेकी थिइन् । आधाजसो 'क्लिभेज' देखाएकी स्पिरान्जले दर्जनौं फोटो सुट गरिन् ।

गल्फ कोर्सबाट उनले टिकटकलगायत विभिन्न सोसल मिडियामा फोटो पोस्ट गरिन् । पहिलो १२ घन्टाभित्र उनको यसै फोटोका लागि तीन हजार फलोअर्स बढेको थियो । त्यसपछि टिकटकमा आधा क्लिभेज देखेको फोटो राख्दा उनले १० हजार फलोअर्स पाइन् । गल्फ कोर्समा पारदर्शी पहिरन र क्लिभेज प्रदर्शनका कारण स्पिरान्जलाई शुक्रबार विश्व गल्फ महासंघले टिकटकमा यस्ता फोटो प्रदर्शन नगर्न निर्देशन दिएको हो ।

महासंघको निर्णयविरुद्ध उनले विरोध गरेकी छिन् । उनी भन्छिन्, 'ममाथि टिकटकले प्रतिबन्ध लगाएको छ, क्लिभेज प्रदर्शन हुँदा यसमा मेरो के दोष छ, कृपया क्लिभेजलाई स्वतन्त्र राख्नुस् ।' उनको पछिल्लो फोटो झनै बोल्ड थियो । ग्रिन क्षेत्रमा लोकट प्रहार गरिरहँदा उनले ह्वाइट ड्रेस लगाएकी थिइन् । प्रत्येक गल्फ प्रहार गर्दा उनी क्यामरामै हुने गर्छिन् ।

खेल संक्षेप

बागलुङको दोस्रो हार

कास्की / स्याङ्जाले गण्डकी प्रदेशअन्तर्गत पिएम कप पुरुष एकदिवसीय क्रिकेट छनोट प्रतियोगितामा शुक्रबार पहिलो जित हात पारेको छ । पोखरा रंगशालास्थित क्रिकेट मैदानमा स्याङ्जाले बागलुङलाई एक सय ४१ रनको फराकिलो अन्तरले हराएको हो । बागलुङको यो लगातार दोस्रो हार हो । स्याङ्जाले ५० ओभरमा आठ विकेटको क्षतिमा तीन सय ४४ रनको योगफल बनायो । बागलुङले ५० ओभरमा आठ विकेटको क्षतिमा दुई सय तीन रनको योगफल बनायो । स्याङ्जाका ओपनर ईश्वर क्षेत्रीले ९७ बलमा एक सय ४४ रनको योगदान दिए ।

सोसाइटी सेमिफाइनलमा

लमजुङ / ३१औं त्रिवेणी कप फुटबल प्रतियोगितामा लालीगुराँस युवा क्लब भुजुङ र बेंसीसहर युथ सोसाइटी लमजुङ सेमिफाइनलमा प्रवेश गरेका छन् । लालीगुराँसले नेपाल आर्मी क्लबलाई २-० ले हराउँदै अन्तिम चारको स्थान पक्का पारेको थियो । खेलको १९औं मिनेटमा लालीगुराँसका विशाल घलानले १-० को अग्रता लिँदै गोल गरे । खेलको ३४औं मिनेटमा लालीगुराँसका नीरज चौधरीले २-० को अग्रता दिलाए ।



नेपालले तीन टेस्ट राष्ट्रविरुद्ध खेल्ने

नेपालले आइसिसी टी-२० विश्वकपको समूह 'डी'मा दक्षिण अफ्रिका, बंगलादेश र श्रीलंकासँग खेल्ने

नयाँ पत्रिका

नेपाल आइसिसी टी-२० पुरुष विश्वकप क्रिकेट प्रतियोगितामा तीन टेस्ट राष्ट्र सम्मिलित समूह 'डी'मा परेको छ । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले शुक्रबार सार्वजनिक गरेको ड्रअनुसार नेपालको समूहमा दक्षिण अफ्रिका, बंगलादेश, श्रीलंका र नेदरल्यान्ड्स रहेका छन् । सन् २०१४ पछि दोस्रोपटक टी-२० विश्वकप खेल्न अवसर पाएको नेपालले पहिलोपटक सिनियर टोलीमा दक्षिण अफ्रिका, श्रीलंका र बंगलादेशसँग खेल्न मौका जुरेको हो । अन्तर्राष्ट्रिय क्रिकेटमा यसअघि नेपालले एसिया कपमा भारत र पाकिस्तानविरुद्ध खेलेको थियो । साथै, गत वर्ष जिम्बाबेमा भएको एकदिवसीय विश्वकप छनोटमा नेपालले वेस्ट इन्डिजविरुद्ध पनि प्रतिस्पर्धा गरेको थियो ।

वेस्ट इन्डिज र अमेरिकाले संयुक्त रूपमा आगामी १ देखि ३० जुनसम्म टी-२० विश्वकप क्रिकेट प्रतियोगिता आयोजना गर्दै छन् । एसियन छनोटबाट नेपाल र ओमानले स्थान बनाएका हुन् । ३० अक्टोबरदेखि ४ नोभेम्बरसम्म काठमाडौंमै भएको प्रतियोगितामा नेपालले युएईलाई सेमिफाइनलमा हराउँदै विश्वकपमा स्थान पक्का गरेको थियो ।

२० टोलीबीच ५५ खेल हुने

१ जुनमा हुने उद्घाटनमा अमेरिकाले क्यानडासँग खेल्नेछ । फाइनल २९ जुनमा बार्बाडोसमा हुनेछ । सेमिफाइनल

समूह 'ए' : भारत, पाकिस्तान, आयरल्यान्ड, क्यानडा र अमेरिका

समूह 'बी' : इंग्ल्यान्ड, अस्ट्रेलिया, नामिबिया, स्कटल्यान्ड र ओमान

समूह 'सी' : न्युजिल्यान्ड, वेस्ट इन्डिज, अफगानिस्तान, युगान्डा र पपुवा न्युगिनी

समूह 'डी' : दक्षिण अफ्रिका, श्रीलंका, बंगलादेश, नेदरल्यान्ड्स र नेपाल

पनि वेस्ट इन्डिजमै हुनेछ । २० टोलीबीच ६ स्थानमा हुने खेलमा ५५ खेल आयोजना हुनेछन् । विश्वकपमा क्यानडा, अमेरिका र युगान्डाले डेब्यु गर्दै छन् । नेपालले १० वर्षअघि बंगलादेशमा भएको विश्वकप खेलेको थियो । चार समूहका शीर्ष दुई-दुई टोली दोस्रो चरणमा प्रवेश पाउनेछन् । समूहको खेल १ देखि १८ जुनसम्म हुनेछ । अन्तिम आठ टोलीलाई दुई समूहमा विभाजन गरिनेछ । सुपर आठका खेलहरू १९ देखि २४ जुनसम्म हुनेछ । दुई समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् । आइसिसीको ड्रअनुसार भारत र पाकिस्तान एकै समूहमा परेको छ । ९ जुनमा अमेरिकाको न्युयोर्कमा यी दुईबीच खेल हुने आइसिसीले जनाएको छ ।



अहिले नै उत्साहित छौं

रोहितकुमार पौडेल, कप्तान, नेपाल

टी-२० विश्वकप खेलतालिका आएको छ । हामी एकदमै उत्साहित छौं । नेपालले आफ्नो समूहमा टेस्ट राष्ट्रसँग खेल्ने मौका पाएको छ । क्रिकेटमा ठूलो टोलीसँग खेल्न पाउनु आफैंमा राम्रो पक्ष हो । नेदरल्यान्ड्सँग खेले पनि दक्षिण अफ्रिका, श्रीलंकासँग खेलेका छैनौं । केही खेलाडीले बंगलादेशसँग खेलेका छन् । विश्वकप सुरु हुन अझै ६ महिना बाँकी छ । तयारीमा व्यस्त हुनुपर्ने समय छ । त्यसैको तयारीमा लाग्छौं । सबैले राम्रो गर्ने प्रयास गर्नेछौं ।



ठूलो टोलीलाई हराउने अवसर

शरद भेसवाकर, पूर्वअन्तर्राष्ट्रिय खेलाडी

हामीले पछिल्लोपटक खेलेको नेदरल्यान्ड्ससँग मात्रै हो । बंगलादेशसँग १० वर्षअघि खेलेका हौं । दक्षिण अफ्रिका र श्रीलंकासँग खेलेका छैनौं । नतिजा के होला अहिले नै भन्न सकिँदैन । हामीले राम्रो खेल्नुपर्छ । ठूलो टोलीलाई जित्ने ठूलो अवसर हो । यस्तो अवसर सधैं पाइँदैन । सबैजना हेर्न र खेल्न उत्साहित छौं । राम्रो नतिजा आउनेमा आशावादी हुनुपर्छ । हामीले जे जानेको छ, त्यही खेल्ने हो । खेलमा धेरै सोच्नुहुँदैन ।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com